# भूमिका

शिक्षा समाज विकास र  समाज परिवर्तनको आधार हो । औपचारिक शिक्षालाई ब्यवस्थित र योजनाबद्धरूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम निर्माण, विकास र परिमार्जन गर्ने कुरा  निरन्तर चलिरहने प्रक्रिया हो । समाजको आवश्यकता,सिकारुको रुचि, क्षमता, अभिभावकको चाहना अनुरुपको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सकेमा यसबाट अपेक्षित लक्ष्यहरु प्राप्त गर्न सकिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६अनुसार शैक्षिक सत्र २०७७ साल देखी आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम परिवर्तन गरी कक्षा १-३ मा एकीकृत पाठ्यक्रम र कक्षा ४-८ मा विषयगत पाठ्यक्रम लागू गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६ अनुसार आधारभूत तह (कक्षा १–३)मा स्थानीय विषय साप्ताहिक ५ पाठ्यघण्टाको दरले बार्षिक १६० कार्यघण्टा र आधारभूत तह (कक्षा ४–८) को लागि साप्ताहिक ४ पाठ्यघण्टाको दरले बार्षिक १२८ कार्यघण्टा निर्धारण गरिएको छ । यसै व्यवस्थालाई ध्यान दिदै साँफेबगर नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास गर्ने क्रममा “हाम्रो साँफेबगर” विषयको पाठ्यक्रम निर्माण गरिएको हो । स्थानीय पाठ्यक्रम तयार गर्न साँफेबगर नगरपालिकाका प्रमुख श्री कुल बहादुर कुँवर, उप-प्रमुख श्री विमला देवी बुड्थापा एवम् प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा वाट प्राप्त मार्गदर्शन अत्यन्त महत्वपूर्ण छ । आवश्यक सुझाव, सल्लाह र परिवर्तित परिवेश अनुकूल परिमार्जन गर्दै लैजान सकिने गरी यो पाठ्यक्रम निर्माण गरिएको हो ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ सरोकारवालाहरूसगँको छलफल, पाठ्यक्रम निर्माण कार्यदलको अथक मेहेनत र सामुहिक लगनशीलता तथा नगरपालिकाको सहयोग तथा समन्वयमा यो पाठ्यक्रमको रुपरेखा तयार गरिएको छ । यस पाठ्यक्रममा तहगत सक्षमता सिकाइ उपलब्धी,सिकाइ उपलब्धीको क्षेत्र तथा क्रम,सिकाइ उपलब्धीको विस्तृतिकरण,शिक्षण सिकाइ क्रियाकलाप तथा विधि,मूल्याङ्कन,शैक्षिक सामग्री,शिक्षणको माध्यम भाषा,विशिष्टिकरण तालिका,रुब्रिक्स र अनुसूची समाबेश गरी समग्र पाठ्यक्रम ढाँचा तयार गरिएको छ । पाठ्यक्रम कार्यान्वयनका समयमा देखिएका समस्याहरुलाई सम्बोधन गर्न तथा अतिआवश्यक विषय वस्तु छुट्न गएको भए यस पाठ्यक्रमको संशोधनका क्रममा समेटीने भएकाले रचनात्मक तथा समालोचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल<br>
साँफेबगर नगरपालिका,अछाम

**शुभकामना**

विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो । शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुदैन । यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो । समग्र शिक्षा प्रणालीलाई ब्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस भनेर हामीले साँफेवगर नगरपालिकाभित्र विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौँ । अरु क्षेत्रको विकास जस्तो शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापी हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरू गर्दै जाँदा हाम्रा भावी सन्ततीहरूले पनि यसबाट प्रतिफल लिन सक्नेछन् । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न ,समृद्ध र विकसित समाज निर्माण गर्न चाहान्छौं । संविधानले दिएको अधिकार प्रयोग गरी शैक्षिक सत्र २०७८ बाट कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन पाउदाँ मलाई खुशी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने विद्यालयहरूले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारित अझै बढेर जाने मेरो विश्वास छ ।

सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक,धार्मिक,प्राकृतिक तथा पर्यटकीय स्थल लगायत अछाम जिल्ला भित्रका स्थानीय जात ,जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत,संगित लगायतका विषयवस्तुको वारेमा जानकारी हुनका साथै तिनको संरक्षण सम्बर्द्धन र प्रबर्द्धन गर्ने अभिप्राय यस पाठ्यक्रमले राखेको छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरूलाई पस्केको छ । यस अर्थमा यो पाठ्यक्रम साँफेवगर नगरपालिकाको पहिचान कायम राख्न सफल हुने छ भन्ने विश्वास लिएको छु । यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरु, सहजिकरण गर्नुहुने शिक्षा शाखा प्रमुख श्री हिरा दत्त भट्ट ज्यू को उच्च मूल्यङ्कन गर्दै धन्यबाद दिन चाहन्छौं। अन्त्यमा, साँफेवगर नगरपालिकाले तयार पारेको स्थानीय पाठ्यक्रम (कक्षा१-८) कार्यान्वयनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । साथै साँफेबगर नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले यस पाठ्यक्रमलाई सिर्जनात्मक तथा रचनात्मक तरिकाले कार्यान्वयन गर्नु हुनेछ र आगामी दिनका जनप्रतिनिधिहरुले यसको प्रभावकारी कार्यान्वयन पुर्ण सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु । धन्यवाद।

कुल बहादुर कुँवर
नगर प्रमुख
साँफेवगर नगरपालिका,अछाम

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
साँफेबगर नगरपालिका,अछाम

| क्र.स. | नामथर | पद | संलग्न निकाय | सम्पर्क नं | फोटो |
|---|---|---|---|---|---|
| १ | श्री कुल बहादुर कुँवर | संयोजक | साँफेबगर नगरपालिका (नगर प्रमुख) | ९८५१०७७११८ | |
| २ | श्री लोक बहादुर बोगटी | सदस्य | श्री त्रिपुरा सुन्दरी मा.वि.श्रीकोट,अछाम | ९८४४१५४६०० | |
| ३ | श्री हरी प्रसाद जोशी | सदस्य | श्री महेन्द्र मा.वि.वयलपाटा अछाम | ९८६५७६९१२१ | |
| ४ | श्री रतन राज रेग्मी | सदस्य | श्री प्रभा धम्कोट मा.वि. सिद्धेश्वर,अछाम | ९८४८५६१३५३ | |
| ५ | श्री मीन बहादुर कुँवर | सदस्य | श्री भगवति आ.वि.भण्डारी गाँउ,अछाम | ९८४८६४९३६८ | |
| ६ | श्री भिम बहादुर बुढा | सदस्य | श्री जनकल्याण मा.वि.साँफेवगर,अछाम | ९८४९३३६०८० | |
| ७ | श्री टिकाराम बुढ्थापा | सदस्य | श्री कृष्ण मा.वि.दहपाटा ,अछाम | ९८४८०९६४३४ | |
| ८ | श्री नाराण प्रसाद जोशी | सदस्य | श्री सुर्यचन्द्र मा.वि.कालिमाटी,अछाम | ९८४१११६८०८ | |
| ९ | श्री धर्मेन्द्र बहादुर शाह | सदस्य | श्री बेतालमाण्डौ मा.वि.घुघुरकोट,अछाम | ९८६८७६७२५९ | |
| १० | श्री तारा दत्त अवस्थी | सदस्य | श्री हंशवाहिनि मा.वि.देविस्थान,अछाम | ९८६८५३२५५४ | |
| ११ | श्री झंकर प्रसाद खनाल | आ.सदस्य | साँफेवगर नगरपालिका शिक्षा शाखा | ९८४८५४२८०९ | |
| १२ | श्री हिरा दत्त भट्ट | सदस्य-सचिव | साँफेवगर नगरपालिका शिक्षा शाखा(प्रमुख) | ९८४८७१४३७३ | |

# स्थानीय पाठ्यक्रम -२०७८

## क.परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६ ले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रिया अनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रमलाई लिइएको छ । पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता प्राप्तिका लागि विषयगत सिकाइ उपलब्धिलाई पाठ्यक्रमले निर्धारण गर्दछ । यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशन सहितको सिकाइ योजनाका रूपमा बालबालीकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्वहरू समावेश गरीएको छ । विद्यार्थीका पूर्व सिकाइ अनुभव,उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्ति सहितका सक्षमताहरू यस पाठ्यक्रममा समेटिएको छ । साथै यस पाठ्यक्रमले कार्यान्वयन योजना तथा यसको कार्यान्वयनको मूल्याङ्कनका आधारमा समसामयिक सुधार तथा परिमार्जनका लागि निर्देशन गरीएको छ । आधारभूत तहअन्तर्गत कक्षा १–८ का लागि विकास गरीएको पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदले परीक्षणका लागि स्वीकृत गरे अनुसार शैक्षिक वर्ष २०७६ मा कक्षा एक मा परीक्षण गरीएको थियो ।

समाजको समग्र विकासका लागि शिक्षा प्रणाली लाई सामाजिक व्यवस्थाको एउटा उप–प्रणालीको रुपमा लिइएको छ । शिक्षा प्रणालीले समाजको विकास तथा परिवर्तनमा महत्वपूर्ण योगदान पुर्याउँछ । शिक्षा प्रणालीले आवश्यक जनशक्ति उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन पद्धति अनुसार स्थानीय सरकारले नेपालको संविधानद्वारा प्रदत्त अधिकारको आधारमा स्थानीय सरोकारवालाहरू सँग सहकार्य गर्दै उनीहरूकै चाहना, आवश्यकता र सहभागीतामा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थल तथा वस्तुहरूलाई समावेश गरी साँफेबगर नगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । साँफेबगर नगरपालिकाको नगर शिक्षा समितिले मिति २०७८/०८/०९ गते स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी कार्यदललाई जिम्मेवारी सुम्पिए अनुरुप उक्त कार्यदलले मिति २०७८/०८/२० गते देखि मिति २०७८/०८/२८ गते सम्म आधारभूत तहको स्थानीय पाठ्यक्रम तयार गरेको छ ।

### ख.पाठ्यक्रमको सन्दर्भ तथा औचित्य

स्थानीय सहभागीता, विज्ञता तथा विषयवस्तु लाई आधार मानि नेपालको संविधान र राष्ट्रिय पाठ्यक्रमको मूल मर्म अनुसार आधारभूत तह कक्षा १-३ पाठ्य घण्टा ५ र कक्षा ४-८ सम्म पाठ्य घण्टा ४ रहने गरी स्थानीय पाठ्यक्रम तयार गरीएको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ तथा नेपालको संविधान बमोजिम स्थानीय सरकारका अधिकारहरुलाई आधार मानि यस पाठ्यक्रमको समग्र संरचना निर्माण गरीएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६ ले आधारभूत तहमा अनिवार्य मातृभाषा, स्थानीय विषय वा संस्कृत भाषामा अध्ययन अध्यापन गर्ने प्रावधान मुताविक स्थानीय पाठ्यक्रम निर्माण मार्गदर्शन २०७६ अनुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरु प्राप्त गर्न सहयोगका लागि यस पाठ्यक्रमको रुपरेखा तयार गरेको हो । केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषय वस्तुहरुलाई समावेश गरी बालबालीकाहरुमा अपनत्वको भावना विकास गराउदै साँफेबगर नगरपालिकामा रहेका कला, संस्कृति, रितिरिवाज, भेषभूषा , चाडपर्व, ऐतिहासिक, धार्मिक, पर्यटकीय तथा प्राकृतिक सम्पदाहरुको संरक्षण,सम्बर्द्धन र विकास गर्ने अभिप्रायले यो पाठ्यक्रम निर्माण गर्न आवश्यक देखिएको हो ।

## ग.तहगत सक्षमता

### ग.१.सक्षमता(आधारभूत तह १-३)

स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन पश्चात विद्यार्थीहरुमा तपसिल बमोजिमका सक्षमता हासिल भएको हुनेछः

१.स्थानीय भाषाको ज्ञान प्राप्त गरी दैनिक जीवनमा प्रयोग

२.दैनिक जीवनमा अनुशासन, सदाचार, स्वावलम्वन तथा स्वस्थ्यकर चारित्रिक गुणको विकास

३.स्थानीय परिवेश अनुसार आफ्नो समुदायका संस्कार र संस्कृति प्रति सम्मान तथा पशुपन्छीहरुको पहिचान एवम् संरक्षण

४.आफ्नो समुदायको भूगोल तथा प्राकृतिक प्रकोप सम्बन्धी आधारभूत ज्ञान

५.स्थानीय कला, संस्कृति, खेल तथा सौन्दर्य प्रति अभिरुचि र सृजनात्मकताको विकास

६.व्यक्तिगत तथा विद्यालय सरसफाइ सम्बन्धी आधारभूत ज्ञान सीप र प्रयोग

७.स्थानीय पेसा, व्यवसाय र प्रविधिको सामान्य ज्ञान, सीप र प्रयोग

### ग.२.सक्षमता(आधारभूत तह ४-५)

स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन पश्चात विद्यार्थीहरुमा तपसिल बमोजिमका सक्षमता हासिल भएको हुनेछः

१.स्थानीय स्तरका चाडपर्व तथा भेषभूषा प्रति सम्मान

२. स्थानीय पेसा तथा प्रविधि सम्बन्धी आधारभूत ज्ञान र सीपको विकास तथा संरक्षणमा योगदान

३. आफ्नो नगरपालिकाको भूबनोट सम्बन्धी जानकारी प्राप्त गरी ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको संरक्षणमा सहयोग

४. स्थानीय तह भित्र रहेका व्यापारिक केन्द्रहरु बाट प्राप्त हुने सेवा सुविधा बारे जानकारी र उपयोग

५. विभिन्न रैथाने बालीहरु सँग परिचित भई संरक्षणमा सहयोग

६. स्थानीय स्तरका लोपोन्मुख वस्तु तथा जनावर संग परिचित भई संरक्षण तथा प्रचार प्रसारमा योगदान

### ग.३.सक्षमता(आधारभूत तह ६-८)

स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन पश्चात विद्यार्थीहरुमा तपसिल बमोजिमका सक्षमता हासिल भएको हुनेछः

१.आफ्नो प्रदेश ,जिल्ला तथा पालिकाको भौगोलिक तथा प्रशासनिक संरचनाको पहिचान, देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास

२.सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता , सद्भाव ,सहिष्णुता तथा भ्रात्तृत्वको भावना विकास

३. स्थानीय स्तरमा बसोवास गर्ने सबै जातजाति तथा भाषाभाषि वीच पारस्परिक सहयोग तथा सम्मान

४. विद्यमान सामाजिक समस्याका कारण पत्ता लगाई समाधानका लागि भूमिका निर्वाह

५. स्थानीय बालीनाली तथा परिकार प्रति सम्मान तथा संरक्षणमा जोड

६. परम्परागत पेसा व्यवसाय तथा प्रविधिको सिप हासिल गरी दैनिक जीवनमा प्रयोग

७. स्वस्थकर जीवनशैली , शारीरिक तन्दुरुस्ति र जीवनोपयोगी सिप विकास

८.विपद व्यवस्थापन सम्वन्धि आधारभूत ज्ञान प्राप्त गरी दैनिक जीवनमा प्रयोग

## घ.पाठ्यक्रम संरचना

आधारभूत तह(कक्षा १-३) को पाठ्यक्रम संरचना

| क्र.स | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषीक सिप विकास सम्वन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषीक सिप विकास सम्वन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकास सम्वन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान,स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन,चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषीक सिप / स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्य घण्टा (Credit hour) मानिएको छ ।)

आधारभूत तह(कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.स | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान र प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य,शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा / स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्य घण्टा (Credit hour) मानिएको छ ।)

आधारभूत तह(कक्षा ६-८) को पाठ्यक्रम संरचना

| क्र.स | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान र प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य,शारीरिक शिक्षा ( सिर्जनात्मक कला सहित) | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्य घण्टा (Credit hour) मानिएको छ ।)

ङ.सिकाइ उपलब्धि

कक्षा १-३ सिकाइ उपलब्धि

| **बिषय क्षेत्र(थिम)** | **कक्षा १ को सिकाइ उपलब्धि** | **कक्षा २ को सिकाइ उपलब्धि** | **कक्षा ३ को सिकाइ उपलब्धि** |
|---|---|---|---|
| म र मेरो परिवार | • स्थानीय भाषामा आफ्नो परिचय दिन<br>• स्थानीय भाषामा आफ्नो परिवारको नाता भन्न<br>• नाता पहिचान गरी सो अनुसार अभिवादन गर्न | • स्थानीय भाषामा आफ्नो परिचय भन्न र लेख्न<br>• स्थानीय भाषामा आफ्नो परिवारको नाता भन्न र लेख्न<br>• नाता पहिचान गरी सो अनुसार गरीने अभिवादनको अभिनय गर्न | • स्थानीय भाषामा बोलिने नाता शब्द र नेपाली भाषामा बोलिने नाता शब्दको सूची बनाउन<br>• आफ्नो घरपरिवारमा प्रयोग गरीने शिष्टाचारका शब्दको प्रयोग गर्न<br>• स्थानीय भाषामा प्रयोग हुने नाता अनुसारका अभिवादनका शब्द र नेपाली भाषामा प्रयोग हुने नाता अनुसारका अभिवादनका शब्द पहिचान गरी प्रयोग गर्न |
| मेरो दैनिक जीवन | • व्यक्तिगत सरसफाइमा प्रयोग गरीने सरसामानको नाम भन्न<br>• स्थानीय स्तरमा खेलिने खेलहरुको नाम बताउन | • व्यक्तिगत सरसफाइमा प्रयोग गरीने सरसामानको सूची तयार पार्ने<br>• स्थानीय स्तरमा खेलिने खेलहरुको नाम लेख्न | • व्यक्तिगत सरसफाइको महत्व भन्न<br>• स्थानीय स्तरमा खेलिने खेलहरु आफ्ना दौतरीहरु सँग मिलेर खेल्न |
| हाम्रो समुदाय | • आफ्नो टोल तथा गाउँको नाम भन्न<br>• आफ्नो घर /समुदायमा गरीने कामको नाम भन्न | • आफ्नो टोल तथा गाउँको नाम लेख्न<br>• समुदायमा गरीने कामको सूची बनाउन | • आफ्नो टोल तथा गाउँको परिचय दिदै समुदायमा गरीने विभिन्न कामहरुमा सँलग्न |

| | | | |
|---|---|---|---|
| | • आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरु सँग परिचित हुन<br>• आफ्नो गाउँ टोल तथा समुदायमा भएका प्रथाहरु चिन्न | • आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरुको नाम बताउन<br>• आफ्नो गाउँ टोल तथा समुदायमा भएका प्रथाहरु चिन्न र नाम बताउन | व्यक्तिहरुको पहिचान गर्न<br>• आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरुमा गरीने क्रियाकलापको सूची तयार गर्न<br>• आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरुको आँफूले सक्ने गरी सरसफाइ गर्न<br>• आफ्नो गाउँ टोल तथा समुदायमा भएका प्रथा तथा चलनहरुका बारेमा भन्न |
| हाम्रो विद्यालय | • आफ्नो विद्यालयको नाम र ठेगाना भन्नकक्षा कोठाको सरसफाइमा सहभागीता जनाउन<br>• विद्यालयमा अनुशासित भएर बस्न<br>• विद्यालयमा साथीहरु तथा गुरु वर्ग विच घुलमिल भई शिष्टाचार शब्दको प्रयोग गर्न | • आफ्नो विद्यालयको नाम , ठेगाना भन्न र लेख्न<br>• आफ्नो-आफ्नो कक्षा कोठाको सरसफाइ गर्न<br>• विद्यालयमा अनुशासित व्यवहारको प्रर्दशन गर्न<br>• विद्यालयमा साथीहरु तथा गुरु वर्ग विच घुलमिल भई शिष्टाचार शब्दको प्रयोग गरी व्यवहार गर्न | • आफ्नो विद्यालयको बारेमा बताउन<br>• कक्षा कोठाको सरसफाइ गर्न र सरसफाइको महत्व बताउन<br>• आफ्नो विद्यालयको निति नियमको पालना गर्न<br>• विद्यालय भित्र तथा बाहिर घुलमिल भई शिष्टाचार शब्दको प्रयोग गरी व्यवहार गर्न |
| हाम्रो वरपरका जिवजन्तु | • आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको नाम भन्न<br>• आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको आवाज चिन्न र नक्कल गर्न<br>• आफ्नो घर र वरपर भएका जनावर तथा पशुपन्छी चिन्न | • आफ्नो घर तथा छिमेकमा भएका जनावर तथा पशुपन्छीको नाम भन्न र लेख्न<br>• आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको आवाज ,खाना र आवास चिन्न<br>• आफ्नो वरपर भएका जनावर तथा पशुपन्छीहरुको नाम लेख्न | • आफ्नो घर तथा छिमेकमा भएका जनावर तथा पशुपन्छीको महत्व वताउन<br>• आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको आवाज ,खाना , आवास, रङ्ग चिन्न र लेख्न<br>• घरपालुवा र जङ्गली जनावर बीच फरक छुट्याउन |

| | | | |
|---|---|---|---|
| हाम्रो वातावरण | • आफ्नो घर वरपर भएका जनावर तथा पशुपन्छी चिन्न आफ्नो वरपर रहेका धार्मिक स्थलहरुसँग परिचित हुन<br>• आफ्नो वरपर भएका प्रकोप सङ्ग  परिचित हुन | • आफ्नो वरपर रहेका कृषिजन्य वस्तुहरु चिन्न र नाम लेख्न<br>• आफ्नो वरपर रहेका धार्मिक स्थलहरु चिन्न र नाम बताउन<br>• आफ्नो वरपर भएका प्रकोप सङ्ग  परिचित भई असर बताउन | • आफ्नो वरपर रहेका वस्तुहरुको विशेषताहरु लेख्न<br>• आफ्नो वरपर रहेका धार्मिक स्थलहरुको सूची बनाउन<br>• आफ्नो वरपर हुन सक्ने प्रकोपबाट  बच्ने उपायहरु बताउन र लेख्न |
| मेरो सिर्जना | • आफ्नो स्थानीय स्तरमा गाइने गीत सङ्ग परिचित भई अभिनय गर्न | • आफ्नो स्थानीय स्तरमा गाइने गीत सङ्ग परिचित भइ अभिनय गर्न<br>• स्थानीय स्तरका खेलकुदका सामाग्रीहरु सङ्कलन गर्न | • आफ्नो गाउँ घर र साथीहरु सङ्ग खेलिने खेलहरु नियमबद्धरुपमा खेल्न<br>• स्थानीय स्तरमा गाइने गीतहरुको लय मिलाएर अभिनय गर्दै गाउँन<br>• स्थानीय स्तरका सामाग्री प्रयोग गरी आफूलाई मन पर्ने वस्तु निर्माण गर्न |
| हाम्रो संस्कृति | • स्थानीय स्तरमा परम्परागत रुपमा लगाइने पोशाक चिन्न<br>• स्थानीय चाडपर्व तथा मेला उत्सवमा लगाइने पोशाक चिन्न<br>• स्थानीय स्तरमा पहिरन गरीने गरगहना वारे परिचित हुन<br>• स्थानीय स्तरमा मनाइने चाड पर्व तथा मेला उत्सवको नाम बताउन<br>• स्थानीय स्तरमा पकाइने परिकारहरुको नाम भन्न<br>• स्थानीय स्तरमा बजाइने बाजाहरुको नाम बताउन | • स्थानीय स्तरमा लगाइने पोशाकहरुको सूची तयार गर्न स्थानीय स्तरमा लगाउने गरगहनाहरुको नाम लेख्न<br>• स्थानीय स्तरमा मनाइने चाड पर्व तथा मेला उत्सवहरुको सूची तयार गर्न<br>• स्थानीय स्तरमा पकाइने परिकारहरुको नाम लेख्न<br>• स्थानीय स्तरमा बजाइने बाजाहरुको नाम लेख्न | • स्थानीय स्तरमा महिला र पुरुषले परम्परागत रुपमा लगाइने पोशाकहरुको सूची तयार गर्न<br>• स्थानीय चाडपर्व तथा मेला उत्सबमा महिला र पुरुषले लगाउने पोशाकहरुको सूची तयार पार्न<br>• स्थानीय स्तरमा समय अनुसार महिलाहरुले लगाउने गरगहनाहरुको तालिका तयार पार्न<br>• स्थानीय स्तरमा मनाइने चाड पर्व तथा मेला उत्सवहरुको सामान्य परिचय दिन<br>• स्थानीय स्तरका परिकारहरु बनाउने |

| | | | |
|---|---|---|---|
| | | | तरिका बताउन<br>• स्थानीय स्तरमा बजाइने बाजाहरुको सामान्य परिचय दिन |

**कक्षा ४-५ सिकाइ उपलब्धि**

| क्र.स. | एकाई | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| १ | हाम्रो समुदाय र संस्कृति | • आफ्नो गाउँको परिचय दिन<br>• चेली तिहारको परिचय तथा महत्व वताउन<br>• आफ्ना समुदायमा रहेका भेषाभूषाको सूची तयार पार्न | • आफ्नो गाउँ घरको परिचय लेख्न<br>• अनन्ते मेलाको सामान्य परिचय दिन<br>• आफ्ना समुदायमा रहेका भेषाभूषाको सूची तयार पारि रहनसहन वारे वर्णन गर्न |
| २ | स्थानीय पेसा तथा प्रविधि | • पानी घट्टको सामान्य परिचय दिइ यसका कार्यहरु वताउन<br>• आफर पेसाको सामान्य परिचय दिइ आफरमा निर्माण गरीने सामानहरुको सामान्य सूची तयार पार्न<br>• बाख्रा पालनका फाइदा लेख्न<br>• कुखुरापालनका लागि चाहिने आवश्यक पूर्वाधारको तालिका तयार पार्न | • कोलको सामान्य परिचय दिइ कोल निर्माण गर्दा चाहिने सामग्रीहरुको नाम लेख्न<br>• कृषिको परिचय दिन<br>• आफ्नो समुदायमा गरीने हिउदे र वर्षे वालिहरुको तालिका बनाउन<br>• भैँसीपालनको महत्व उल्लेख गर्न<br>• मौरीपालनको परिचय दिन<br>• मौरीपालनका फाइदा बताउन |
| ३ | हाम्रो नगरपालिका | • साँफेवगर नगरपालिकाको सामान्य परिचय दिन(नाम,स्थान,वडा ,...) | • साँफेवगर नगरपालिकाको परिचय दिन(नाम,स्थान,भौगोलिक अवस्था...) |
| ४ | ऐतिहासिक तथा धार्मिक सम्पदा | • झिगटी घरको परिचय दिन<br>• बाहुल ढुङ्गाको परिचय दिन | • विमकोट दरवारको परिचय दिन<br>• जिमराडीको परिचय दिन |
| ५ | अन्नबाली | • कोदो बालीको परिचय दिइ यसबाट बनाइने परिकार बताउन<br>• भटमास बालीको परिचय दिइ यसबाट बनाइने परिकार बताउन | • जौ बालीको परिचय दिइ यसको महत्व बताउन<br>• गुराँउस बालीको परिचय दिइ यसबाट बनाइने परिकार बताउन |
| ६ | हाम्रा व्यापारिक केन्द्र | • साँफे हाट बजारको सामान्य परिचय दिन | • साँफे एयरपोर्ट बजारको परिचय दिन<br>• साँफे एयरपोर्ट बजारमा उपलब्ध सेवा सुविधाहरुको सूची बनाउन<br>• ठाँटी बजारको परिचय दिन र उक्त वजारमा उपलब्ध सेवा सुविधाहरुको सूची बनाउन |

| | | | |
|---|---|---|---|
| ७ | लोपोन्मुख वस्तु तथा जनावर | • भोटे ताल्चाको परिचय दिन<br>• डोला र म्यानाको परिचय दिइ यसका काम बताउन | • माना पाथिको परिचय दिइ यसका महत्व लेख्न<br>• नौमुठे गाईको परिचय दिइ यसका विशेषताहरु लेख्न<br>• गुन्यु चोलो र खाइटोको परिचय दिन |
| ८ | फोहोरमैला व्यवस्थापन | • घर भित्रका फोहोरमैला सँग परिचित भई सड्ने र नसड्ने फोहोरमैला छुट्याउन<br>• सड्ने र नसड्ने फोहोरमैला छुट्याइ उचित व्यवस्थापनमा सहयोग गर्न | • आफ्नो घर ,आगन र विद्यालयमा भएका सड्ने र नसड्ने बस्तुहरु छुट्याइ प्रकृति अनुसार व्यवस्थापन गर्न<br>• फोहोरमैला व्यवस्थापनको महत्व बताइ यसको व्यवस्थापनमा विद्यार्थीहरुको भूमिका उल्लेख गर्न |

**कक्षा ६-८ सिकाइ उपलब्धि**

| क्र.स. | एकाई | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | भौगोलिक बनावट तथा प्रशासनिक संरचना | • आफ्नो नगरपालिकाको परिचय दिन<br>• वडा कार्यालयको परिचय दिइ वडा सभा गठन विधि र प्रवाह गरीने सेवाहरु बताउन<br>• नक्सा तयार गर्ने सिप विकास गर्न<br>• छिमेकी पालिकाको सामान्य जानकारी दिन | • आफ्नो नगरपालिकाको भूबनोटको वर्णन गर्न<br>• स्थानीय कार्यपालिकाको परिचय दिइ गाउँ /नगर सभा गठन विधि र प्रवाह गरीने सेवाहरु बताउन<br>• साँफेवगर नगरपालिकाको नक्सा तयार पारी प्राकृतिक,धार्मिक,ऐतिहासिक तथा भौगोलिक स्थलहरु देखाउन<br>• अछाम जिल्ला भित्र रहेका पालिकाहरुको परिचय दिन | • आफ्नो नगरपालिकाको भौगोलिक अवस्थिति र विशेषता बताउन<br>• जिल्ला सभा गठन प्रकृया र प्रवाह गरीने सेवाहरु बताउन<br>• अछाम जिल्लाको नक्सा तयार पारी प्राकृतिक,धार्मिक,ऐतिहासिक तथा भौगोलिक स्थलहरु देखाउन<br>• सुदुर पश्चिम प्रदेशको परिचय,अवस्थिति,प्रदेश सरकार ,स्थानीय तह र जिल्ला बारे जानकारी दिन |
| २ | हाम्रा जातजाति तथा भाषाभाषी | • आफ्नो नगरपालिका भित्र बसोवास गर्ने जातजातिसंग परिचित भई समुदायमा बोलिने स्थानीय भाषाहरुको पहिचान गर्न ।<br>• एक अर्का जातजाति र भाषाभाषी | • आफ्नो नगरपालिका भित्र बसोवास गर्ने जनसङ्ख्या तथा तिनीहरुले बोल्ने भाषाका आधारमा जनसङ्ख्याको बर्गीकरण गर्न | • आफ्नो समुदाय भित्र बसोवास गर्ने जातजाति तथा भाषाभाषीहरुको जीवन शैली र जातिगत विशिष्ट सिप बारे जानकारी दिन<br>• स्थानीय स्तरमा रहेका विभिन्न चाड पर्व तथा मुल्य मान्यता सँग परिचित भई सामाजिक सहिष्णुता कायमका लागि योगदान पुर्याउन |

| | | | | |
|---|---|---|---|---|
| | | विच सम्मान गर्न । | | |
| ३ | हाम्रो संस्कृति तथा मूल्य मान्यता | • स्थानीय स्तरमा रहेका विभिन्न चाड पर्व तथा मुल्य मान्यता सँग परिचित भई होलि खेल,नामाकरण तथा भात चखाउने दिनका विशेषताहरु बताउन | • स्थानीय स्तरमा रहेका विभिन्न चाड पर्व तथा मुल्य मान्यता सँग परिचित भई सामाजिक सद्भाव कायमका लागि योगदान पुर्याउन<br>• कृष्ण जन्माष्टमि र भूवो पर्वको परिचय दिन<br>• कृष्ण जन्माष्टमि र भूवो पर्वमा गरीने महत्वपूर्ण क्रियाकलाप बताउन<br>• चुडाकर्म तथा व्रतबन्ध सँग परिचित भई महत्व बताउन | • पुतला र ईद पर्वमा गरीने महत्वपूर्ण क्रियाकलाप बताउन<br>• विवाह र मृत्यु संस्कार सँग परिचित भई महत्व बताउन |
| ४ | सामाजिक समस्याहरु | • समाजमा रहेका सामाजिक समस्याहरु सँग परिचित भई बाल विवाहले सामाजमा पारेका नकारात्मक असरहरु बताउन | • छाउपडि प्रथा सँग परिचित भई यसले सामाजमा पारेका असरहरु बताउन<br>• छाउपडि प्रथा निराकरणका लागि विद्यार्थी,समुदाय,विद्यालय र वडा कार्यालयको भूमिका बताउन | • जाँड रक्सि तथा लागु पदार्थ सेवन सँग परिचित भई यसले सामाजमा पारेका असरहरु बताउन<br>• जाँड रक्सि तथा लागु पदार्थ सेवन न्यूनिकरणका लागि विद्यार्थी,समुदाय,विद्यालय र वडा कार्यालयको भूमिका बताउन<br>• छोरा छोरी विच गरीने भेदभावको परिचय दिई यसलाई निराकरण गर्ने उपायहरु भन्न |
| ५ | हाम्रा सम्पदा | • आफ्ना वरपर रहेका | • धार्मिक सम्पदाहरुको परिचय ,विशेषता र महत्व | • स्थानीय प्राकृतिक सम्पदा सँग परिचित भई यसका |

| | | | | |
|---|---|---|---|---|
| | | ऐतिहासिक स्थलहरु सँग परिचित भई त्यसको महत्व वताउन | बताउन | महत्वहरु बताउन |
| ६ | स्थानीय बालीनालि तथा परिकार | • स्थानीय स्तरका विभिन्न रैथाने वालिहरु सँग परिचित भई महत्व वताउन | • स्थानीय स्तरका विभिन्न रैथाने वालिहरु सँग परिचित भई महत्व वताउन | • स्थानीय स्तरका विभिन्न रैथाने वालिहरु सँग परिचित भई महत्व वताउन |
| ७ | स्थानीय पेशा,व्यवसाय र प्रविधि | • स्थानीय स्तरका पेशा व्यवसाय प्रबर्द्धनमा सहयोग पुर्याउन | • स्थानीय सिपको परिचय दिन र यसको प्रबर्द्धनमा विद्यार्थी तथा स्थानीय सरकारको भूमिका बताउन (बाँस,ढुङ्गा,माटो,डोरि,काठ) | • स्थानीय सिप प्रविधिको परिचय दिन र यसको प्रबर्द्धनमा विद्यार्थी तथा स्थानीय सरकारको भूमिका बताउन |
| ८ | स्वास्थ्य,सरसफाइ,पोषण , खेलकुद तथा योगाभ्यास | • स्वास्थ्य संस्थाहरुको परिचय दिन<br>• सरसफाइसँग परिचित भई यसका प्रकारहरु भन्न<br>• पोषणको परिभाषा दिई यसको बर्गीकरण गर्न<br>• योगाभ्यास सँग परिचित भई अनुलोम विलोम सँग अभ्यस्त गराउन<br>• स्थानीय जडिबुटिको परिचय ,आवश्यकता र महत्व बताउन | • स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवाहरुको सूची बनाउन<br>• सरसफाइको अवधारणा सँग परिचित भई वातावरणीय सरसफाइको आवश्यकता र महत्व बताउन<br>• पोषण र<br>• पोषणका स्रोतहरु उल्लेख गर्न<br>• योगाभ्यास सँग परिचित भई पवनमुक्तासन सँग अभ्यस्त हुन परम्परागत उपचार पद्धतिको परिचय र यसका फाइदा र बेफाइदाहरु बताउन | • स्वास्थ्य सँस्थाको परिचय दिई  यसको महत्व बताउन<br>• वातावरणीय सरसफाइमा व्यक्ति,समुदाय र नगरपालिकाको भूमिका बताउन<br>• पोषण र<br>• पोषणको आवश्यकता र महत्व उल्लेख गर्न<br>• योगाभ्यास सँग परिचित भई  सुर्य नमस्कार सँग अभ्यस्त हुन<br>• आयुर्बेद शिक्षाको परिचय र महत्व बताउन |

| | | | | |
|---|---|---|---|---|
| ९ | विपद व्यवस्थापन | • समुदायमा हुने विपदको परिचय दिन र यसको व्यवस्थापन गर्ने उपायहरु बताउन | • समुदायमा हुने विपदको परिचय दिन , यसका असरहरु र विपद व्यवस्थापनका उपायहरु बताउन | • समुदायमा हुने विपदको पुर्व तयारि,राहत उद्दार र पुनर्स्थापनामा व्यक्ति,समुदाय र स्थानीय तहको भुमिका बताउन |

च . सिकाइ विस्तृतीकरण

कक्षा १ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| **क्र. स** | **बिषय क्षेत्र(थिम)** | **कक्षा १ को सिकाइ उपलब्धि** | सिकाइ उपलब्धिको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घ ण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | म र मेरो परिवार | १.स्थानीय भाषामा आफ्नो परिचय दिन | मेरो परिचय | १.शिक्षकले स्थानीय भाषामा आफ्नो परिचय दिदै र क्रमश विद्यार्थीहरु लाई परिचय दिन लगाउने | चित्र पत्ती,शब्द पत्ती(नाम थर भएको) | तम्रो नाम के हो ?<br>तमी काँ वस्छौ ? | १५ |
| | | २.स्थानीय भाषामा आफ्नो परिवारको नाता भन्न<br>३.नाता पहिचान गरी सो अनुसार अभिवादन गर्न | मेरो परिवार | १.विद्यार्थीहरुलाई घरमा भएका सदस्यहरुसँगको नाता भन्न लगाउने र उनीहरुले भन्न नसकेमा सहयोग गर्ने जस्तै आमा,बुवा(बाउजु),....आदि<br>२. शिक्षकले विद्यार्थीहरुलाई पालैपालो नाता अनुसारको अभिवादन गरी अभिनय गर्न लगाउने | चित्र पत्ती,शब्द पत्ती(नाता अनुसार) | तम्रो घरमा को-को बस्छन ? | |
| २ | मेरो दैनिक जीवन | १. व्यक्तिगत सरसफाइमा प्रयोग गरीने सरसामानको नाम भन्न | सरसफाइ | १.विद्यार्थीहरुलाई आफूले प्रयोग गर्ने सरसफाइका सरसामानहरुको नाम भन्न लगाउने र शिक्षकले कालो वा सेतो पाटीमा लेख्दै जाने<br>२.शिक्षकले विद्यार्थीहरुलाई चित्र | ठोस बस्तु,शब्द पत्ती,चित्र पत्ती र तालिका | व्यक्तिगत सरसफाइमा प्रयोग गरीने कुनै ५ सामग्रीको नाम भन्नुहोस । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | पत्ती,शब्द पत्ती र तालिका वा ठोस बस्तु देखाउदै छलफल गर्ने | | | |
| | | २.स्थानीय स्तरमा खेलिने खेलहरुको नाम बताउन | स्थानीय खेल(लुकामारी,ज्याम पातो) | विद्यार्थीहरुलाई आफूले खेल्दै गरेका खेलहरुको नाम भन्न लगाउने र शिक्षकले टिपोट गरी कुनै एक नमुना खेल खेल्न विद्यार्थीहरुलाई सहभागी गराइ सहभाजीकरण गर्ने | खेल तालिका | तपाईलाई मन पर्ने खेलहरुको नाम भन्नुहोस । | |
| ३ | हाम्रो समुदाय | १.आफ्नो टोल तथा गाउँको नाम भन्न | मेरो टोल | १.विद्यार्थीहरुलाई पालै पालो आफू वस्ने टोल तथा गाउँको नाम भन्न लगाउने २. विद्यार्थीहरुबाट आएका टोलका नामहरु टिपोट गर्ने र सहि भन्न नसकेमा शिक्षकले सहयोग गर्ने | चित्र पत्ती | तपाई वस्ने टोलको नाम भन्नुहोस । | २५ |
| | | २.आफ्नो घर र समुदायमा गरीने कामको नाम भन्न | समुदायका काम(कृषि,आफर,सिलाई कटाइ, व्यापार) | १. शिक्षकले आफूले गर्ने काम बताउदै विद्यार्थीहरुलाई पालै पालो आफू वस्ने घर, टोल तथा गाउँमा बस्ने मानिसहरुले गर्ने कामहरु भन्न लगाउने र टिपोट गर्ने जस्तै कृषि,आफर,सिलाई कटाइ, व्यापार........ | चित्र पत्ती ,तालिका | तपाईको आमाले के काम गर्नु हुन्छ ? पसलमा वसेर सामान बेच्ने काम लाई के भनिन्छ ?.......... | |
| | | ३. आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरु सँग परिचित हुन | मेरो धारा | १.शिक्षकले विद्यार्थीहरुलाई नजिकै रहेको धारामा लिइ अवलोकन गर्न लगाउने , विद्यार्थीहरुबाट आएका कुराहरुलाई टिपोट गर्ने र अन्य सार्वजनिक स्थलको(चौतारो ,पटकानी,पाटी पौवा,चौर...)वारेमा पनि जानकारी गराइदिने | चित्र पत्ती ,तालिका | धाराको पानी क-कसले प्रयोग गर्दछन ? समुदायमा सामाजिक वैठक कहाँ गर्दछन ?.... | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४.आफ्नो गाउँ टोल तथा समुदायमा भएका प्रथाहरु चिन्न | हाम्रा प्रथा(छैठि,न्वारन,भात चखाइ) | १. शिक्षकले विद्यार्थीहरुलाई चित्र पत्ती देखाउदै चित्रमा भएका क्रियाकलापहरु भन्न लगाउने ,टिपोट गर्ने र सहभाजीकरण गर्ने | चित्र पत्ती ,तालिका | यो चित्रमा के के देख्नुभयो ? भात चखाइमा के गरीन्छ ? | |
| ४ | हाम्रो विद्यालय | १.आफ्नो विद्यालयको नाम र ठेगाना भन्न | मेरो विद्यालय | विद्यार्थीहरुलाइ आफू पढ्ने विद्यालयको नाम र ठेगाना भन्न लगाउने र शिक्षकले टिपोट गरी सहभाजीकरण गर्ने | तालिका | तपाईको विद्यालयको नाम के हो ?....... | १५ |
| | | २.कक्षा कोठाको सरसफाइमा सहभागीता जनाउन<br>३.विद्यालयमा अनुशासित भएर बस्न | सरसफाइ र अनुशासन | १.शिक्षकले सबै विद्यार्थीहरुलाई कक्षा कोठामा सरसफाइ गरी फोहोर व्यवस्थापन गर्न लगाउने र अवलोकन गर्ने<br>२. शिक्षकले सबै विद्यार्थीहरुलाई कक्षा कोठामा चित्र पत्ती देखाइ अनुशासनको अवधारणा वसाली सोहि अनुसार बस्न लगाउने | विद्यार्थीहरु अनुशासित भएर बसेका चित्र | शिक्षकले अवलोकन गर्ने | |
| | | ४.विद्यालयमा साथीहरु तथा गुरु वर्ग विच घुलमिल भई शिष्टाचार शब्दको प्रयोग गर्न | भलाकुसारी | शिक्षकले विद्यार्थीहरुलाई शिष्टाचारका शब्द प्रयोग गरी अभिनय गर्न लगाउने जस्तै नमस्कार,नमस्ते.... | शब्द पत्ती,चित्र पत्ती | तपाईको विद्यालयमा पढाउने गुरु तथा गुरुआमा लाई भेट्ने वित्तिकै के गर्नु हुन्छ ?.. | |
| ५ | हाम्रो वरपरका जिवजन्तु | १.आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको नाम भन्न<br>२. आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको आवाज चिन्न र नक्कल गर्न<br>३.आफ्नो घर | हाम्रा जनावर तथा पशुपन्छी( गाई, भैँसी,कुखुरा,हाँस,गोरु ....) | १.प्रत्येक विद्यार्थीलाई शिक्षकले आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीहरुको नाम भन्न लगाउने र शिक्षकले टिपोट गर्ने<br>२.शिक्षकले जनावर तथा पशुपन्छीहरुको चित्र प्रस्तुत गरी विद्यार्थीहरुलाई आवाज | चित्रहरु,श्रव्य दृश्य सामग्रीहरु | तपाईको घरमा भएका कुनै २/२ वटा जनावर र पन्छीका नामहरु भन्नुहोस । विरालो ले कस्तो आवाज निकाल्छ भन्नुहोस ? | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वरपर रहेका जनावर तथा पशुपन्छी चिन्न | | निकाल्न लगाउने र आवश्यकता अनुसार सहभाजीकरण गर्ने | | | |
| ६ | हाम्रो वातावरण | १. आफ्नो घर र वरपर भएका जनावर तथा पशुपन्छी चिन्न<br>२.आफ्नो वरपर रहेका धार्मिक स्थलहरुसँग परिचित हुन | धार्मिक स्थल(मठ मन्दिर,मस्जिद,चर्च......) | १.विद्यार्थीहरुलाई जनावर तथा पशुपन्छीहरुको चित्र ,तस्बिर देखाउदै छलफल गर्ने र आफ्नो घर र वरपर भएका जनावर तथा पशुपन्छीहरुका नाम बताउन लगाउने<br>२.विद्यार्थीहरुलाई विद्यालय नजिकै भएका धार्मिक स्थलमा लिएर अवलोकन गराउदै परिचित गराउने | पोष्टर, चित्र ,तस्बिर | तपाईको घर नजिकै भएका कुनै २ वटा धार्मिक स्थलको नाम भन्नुहोस । | २२ |
| | | ३.आफ्नो वरपर भएका प्रकोप सङ्ग परिचित हुन | प्रकोप(बाढि पहिरो,आगलागी.......) | प्रकोप सम्बन्धी( बाढि पहिरो,आगलागी..) चित्र प्रस्तुत गरी विद्यार्थीहरु विच छलफल गराइ विभिन्न प्रकोप संग परिचित गराउने | चित्र,श्रव्यदृश्य | कुनै २ वटा प्रकोपका नाम भन्नुहोस । | |
| ७ | मेरो सिर्जना | १. आफ्नो स्थानीय स्तरमा गाइने गीत सङ्ग परिचित भई अभिनय गर्न | देउडा खेल | शिक्षकले विद्यार्थीहरुलाई गोलो घेरामा राखी स्थानीय स्तरमा गाइने गीत सुनेर सो अनुसार अभिनय गर्न लगाउने | श्रव्यदृश्य | कुनै एउटा गीत बाचन गरी अभिनय गर्नुहोस । | १८ |
| ८ | हाम्रो संस्कृति | १.स्थानीय स्तरमा परम्परागत रुपमा लगाइने पोसाक चिन्न<br>२.स्थानीय चाडपर्व तथा मेला उत्सबमा लगाइने पोशाक | स्थानीय पोशाक | शिक्षकले विद्यार्थीहरुलाई स्थानीय चाडपर्व तथा मेला उत्सबमा लगाएका पोशाकको चित्र देखाई नाम भन्न लगाउने र सहभाजीकरण गर्ने | चित्र,तालिका | पुतलामा कस्ता लुगा लगाउछन ?<br>होलीमा कस्ता लुगा लगाउछन ?<br>... | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चिन्न | | | | | |
| | | ३.स्थानीय स्तरमा पहिरन गरीने गरगहना वारे परिचित हुन | स्थानीय गरगहना | शिक्षकले विद्यार्थीहरुलाई आ-आफ्नो समुदायका महिलाहरुले लगाउने गरगहनाको नाम भन्न लगाउने ,चित्र वा ठोस वस्तु(गरगहना-खन्टो,फुली,काटा,कल्ली....) देखाइ परिचित गराउने | चित्र,ठोस वस्तु,तालिका | नाकमा लगाउने गहनालाइ के भनिन्छ ? कुनै २ वटा स्थानीय गरगहनाको नाम भन्नुहोस।.. | |
| | | ४.स्थानीय स्तरमा मनाइने चाड पर्व तथा मेला उत्सवको नाम बताउन | चाड पर्व (भैलो..) | १.शिक्षकले विद्यार्थीहरुलाई स्थानीय स्तरमा मनाइने चाड पर्वहरु भन्न लगाउने<br>२.चित्र पत्ती देखाउदै सम्बन्धीत चाड पर्वको वारेमा जानकारी दिने | चित्र,पोस्टर | कुनै २ वटा चाड पर्वहरुको नाम भन्नुहोस । | |
| | | ५.स्थानीय स्तरमा पकाइने परिकारहरुको नाम भन्न | हाम्रा परिकार(कापु,पिनापानी,फाडो,...) | १.शिक्षकले विद्यार्थीहरुलाई घरमा तयार पारिने विभिन्न परिकारहरुको वारेमा सोध्ने<br>२.चित्र पत्ती देखाउदै सम्बन्धीत परिकारको वारेमा जानकारी दिने | चित्र,पोस्टर,शब्द पत्ती | तपाईको घरमा पकाइने कुनै ३ परिकारहरुको नाम भन्नुहोस । | |
| | | ६.स्थानीय स्तरमा बजाइने बाजाहरुको नाम बताउन | हाम्रा बाजा(दमाह,नरसिँगा .......) | १. शिक्षकले विद्यार्थीहरुलाई आफूले देखेका बाजाहरुको नाम भन्न लगाउने र टिपोट गर्ने<br>२.विभिन्न बाजाहरुको पोस्टर देखाउदै दमाह,नरसिँगा आदि बाजाहरु सँग परिचित गराउने | चित्र,पोस्टर, शब्द पत्ती | तपाईले देखेका कुनै ५ बाजाहरुको नाम भन्नुहोस । | |

## कक्षा २ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| क्र.स | बिषय क्षेत्र(थिम) | कक्षा २ को सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | म र मेरो परिवार | १.स्थानीय भाषामा आफ्नो परिचय भन्न र लेख्न | मेरो परिचय | १.शिक्षकले स्थानीय भाषामा आफ्नो परिचय दिदै र क्रमश विद्यार्थीहरु लाई परिचय दिन लगाउने<br>२.आफ्नो कापीमा विद्यार्थीहरुलाई परिचय लेख्न लगाउने | चित्र पत्ती,शब्द पत्ती(नाम थर भएको) | तम्रो नाम के हो ? तमी काँ वस्छौ ? | १५ |
| | | २.स्थानीय भाषामा आफ्नो परिवारको नाता भन्न र लेख्न<br>३.नाता पहिचान गरी सो अनुसार गरीने अभिवादनको अभिनय गर्न | मेरो नाता सम्बन्ध | १.विद्यार्थीहरुलाई घरमा भएका सदस्यहरुसँगको नाता जनाउने शब्दहरु आपसमा छलफल गराई  भन्न र कापिमा लेख्न लगाउने र उनीहरुले लेख्न  नसकेमा सहयोग गर्ने जस्तै आमा,बुवा(बाउजु),भाउजू(वउजु),बाजे(बाजेउ)..आदि<br>२.  शिक्षकले विद्यार्थीहरुलाई पालैपालो नाता अनुसारको अभिवादन गरी अभिनय गर्न लगाइ कापिमा लेख्न लगाउने र सहभाजीकरण गर्ने | चित्र पत्ती,शब्द पत्ती(नाता अनुसार) | तम्रो घरमा को-को बस्छन ? लेख | |
| २ | मेरो दैनिक जीवन | १. व्यक्तिगत सरसफाइमा प्रयोग गरीने सरसामानको सूची तयार पार्ने | व्यक्तिगत सरसफाइ | १.विद्यार्थीहरुलाई आफूले प्रयोग गर्ने सरसफाइका सरसामानहरुको सूची तयार गर्न लगाउने<br>२.शिक्षकले विद्यार्थीहरुलाई चित्र पत्ती,शब्द पत्ती र तालिका वा ठोस बस्तु देखाउदै छलफल गर्ने | ठोस बस्तु,शब्द पत्ती,चित्र पत्ती र तालिका | व्यक्तिगत सरसफाइमा प्रयोग गरीने कुनै ५ सामग्रीको नाम लेख्नुहोस । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २.स्थानीय स्तरमा खेलिने खेलहरुको नाम लेख्न | स्थानीय खेल | १.विद्यार्थीहरुलाई आफूले खेल्दै गरेका खेलहरुको नाम भन्न लगाउने र शिक्षकले टिपोट गर्ने<br>२.विद्यार्थीहरुलाइ समूह विभाजन गरी स्थानीय स्तरमा खेलिने खेलहरुको नाम लेख्न लगाउने<br>३. कुनै एक नमुना खेल खेल्न विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने | खेल तालिका | तपाई लाई मन पर्ने खेलहरु को नाम लेख्नुहोस । | |
| ३ | हाम्रो समुदाय | १. आफ्नो टोल तथा गाउँको नाम  लेख्न | मेरो गाउँ | १.विद्यार्थीहरुलाई पालै पालो आफू बस्ने टोल तथा गाउँको नाम  भन्न र लेख्न लगाउने<br>२. विद्यार्थीहरुबाट आएका टोलका नामहरु टिपोट गर्ने र सहि लेख्न नसकेमा शिक्षकले सहयोग गर्ने | चित्र पत्ती | तपाई बस्ने गाउँको नाम लेख्नुहोस । | २५ |
| | | २. समुदायमा गरीने कामको सूची बनाउन | समुदायका काम | १.शिक्षकले आफूले गर्ने काम बताउदै विद्यार्थीहरुलाई पालै पालो आफू बस्ने घर, टोल तथा गाउँका मानिसहरुले गर्ने कामहरु भन्न र लेख्न लगाउने र टिपोट गर्ने जस्तै कृषि,आफर,सिलाई कटाइ, व्यापार,सिकर्मी,डकर्मी........ | चित्र पत्ती ,तालिका | तपाई को बुवाले के काम गर्नु हुन्छ ? लेख काठको काम गर्ने लाई के भनिन्छ ? लेख ।.......... | |
| | | ३. आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरुको नाम बताउन | हाम्रा साझा सम्पति | १. विद्यार्थीहरुलाई शिक्षकले अवलोकन गर्न नजिकै रहेको कुनै सार्वजनिक स्थलमा (चौतारो ,पटकानी,पाटी पौवा,चौर,धारा,कुवा,बाटो | चित्र पत्ती ,तालिका | तपाई का गाउँमा रहेका कुनै ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ,मन्दिर...आदि) लैजाने र विद्यार्थीहरुलाई आँफूले अवलोकन गर्दा देखेका कुराहरुलाई टिपोट गर्न लगाउने र सहभाजीकरण गर्ने | | वटा सार्वजनिक स्थलहरुको नाम भन्नुहोस । | |
| | | ४. आफ्नो गाउँ टोल तथा समुदायमा भएका प्रथाहरु चिन्न र नाम बताउन | सामाजिक प्रथा | १. शिक्षकले विद्यार्थीहरुलाई चित्र पत्ती देखाउदै चित्रमा भएका विषयवस्तु माथी छलफल गरी बुदा टिपोट गर्न र भन्न लगाउने तथा सहभाजीकरण गर्ने जस्तैः- पडिमो,चेली तिहार,ओलक... | चित्र पत्ती ,तालिका | तपाईको समुदायमा रहेका कुनै ४ प्रथाहरुको नाम भन्नुहोस । | |
| ४ | हाम्रो विद्यालय | १.आफ्नो विद्यालयको नाम र ठेगाना भन्न र लेख्न | हाम्रो विद्यालय | १.विद्यार्थीहरुलाई समूह विभाजन गरी आफ्नो विद्यालयको नाम र ठेगाना मेटा कार्डमा लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहभाजीकरण गर्ने | मेटा कार्ड | तपाईको विद्यालयको नाम के हो ? लेख्नुहोस । ....... | १५ |
| | | २.आफ्नो-आफ्नो कक्षा कोठाको सरसफाइ गर्न<br>३. विद्यालयमा अनुशासित व्यवहारको प्रर्दशन गर्न | विद्यालयमा सरसफाइ र अनुशासन | १.शिक्षकले सबै विद्यार्थीहरुलाई कक्षा कोठामा सरसफाइ गरी फोहोर व्यवस्थापन गर्न लगाउने र अवलोकन गर्ने<br>२. शिक्षकले सबै विद्यार्थीहरुलाई कक्षा कोठामा चित्र पत्ती देखाइ अनुशासनको अवधारणा बसाली सोहि अनुसार बस्न लगाउने | विद्यार्थीहरु अनुशासित भएर बसेका चित्र | शिक्षकले अवलोकन गर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४. विद्यालयमा साथीहरु तथा गुरु वर्ग विच घुलमिल भई शिष्टाचार शब्दको प्रयोग गरी व्यवहार गर्न | असल व्यवहार | शिक्षकले विद्यार्थीहरुलाई शिष्टाचारका शब्द प्रयोग गरी अभिनय गर्न लगाउने जस्तै नमस्कार,नमस्ते,धन्यवाद, स्वागत,भाग्यमानि,.... | शब्द पत्ती,चित्र पत्ती | तपाई को विद्यालयमा पढाउने गुरु तथा गुरुआमा लाई भेट्ने वित्तिकै के गर्नु हुन्छ ?.. | |
| ५ | हाम्रो वरपरका जिवजन्तु | १.आफ्नो घर तथा छिमेकमा भएका जनावर तथा पशुपन्छीको  नाम भन्न र लेख्न<br>२. आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको आवाज ,खाना र आवास चिन्न<br>३. आफ्नो वरपर भएका जनावर तथा पशुपन्छीहरुको नाम लेख्न | जनावर तथा पशुपन्छी | १.समूहमा विद्यार्थीहरुलाई शिक्षकले आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीहरुको नाम भन्न  र लेख्न लगाउने<br>२.शिक्षकले जनावर तथा पशुपन्छीहरुको चित्र प्रस्तुत गरी विद्यार्थीहरुलाई आवाज निकाल्न लगाउने र उक्त जनावर तथा पशुपन्छीहरुका आवाज,तिनीहरुले खाने खाना र बस्ने ठाउँ पहिचान गरी लेख्न लगाउने आवश्यकता अनुसार सहभाजीकरण गर्ने | चित्रहरु,श्रव्य दृश्य सामग्रीहरु,तालिका | विरालोले कस्तो आवाज निकाल्छ ? गाईले के खान्छ ? कुखुरा कहाँ वस्दछ ? | २० |
| ६ | हाम्रो वातावरण | १.आफ्नो वरपर रहेका कृषि जन्य वस्तुहरु चिन्न र नाम लेख्न | हाम्रो कृषि | ठोस वस्तुहरुको अवलोकन गराउदै त्यसको नाम भन्न  र लेख्न लगाउने जस्तैः- अन्नदाना,आलु,प्याज,खुर्सानि ,कोदो.... | ठोस बस्तु(अन्नदाना, आलु..) | कुनै ५ वटा कृषिजन्य वस्तुहरुको नाम लेख्नुहोस । | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २.आफ्नो वरपर रहेका धार्मिक स्थलहरु चिन्न र नाम बताउन | बैद्यनाथ धाम | १.विद्यार्थीहरुलाई बैद्यनाथ धामको चित्र देखाई उक्त चित्रमा देखेका कुराहरु भन्न र लेख्न लगाउने जस्तैः- पताका,घण्ट,....<br>२. साथै समुदायमा रहेका अन्य धार्मिक स्थलहरुको नाम भन्न र लेख्न लगाउने | पोष्टर,चित्र | तपाई को समुदाय मा रहेका कुनै २ वटा धार्मिक स्थलहरु का नाम लेख्नुहोस । | |
| | | ३.आफ्नो वरपर भएका प्रकोप सङ्ग परिचित भई असर बताउन | प्रकोप (चट्याङ,हावाहुरी,बाढिपहिरो) | प्रकोप सम्बन्धी( चट्याङ,हावाहुरी,बाढि पहिरो,बगलागी..) चित्र प्रस्तुत गरी विद्यार्थीहरु विच छलफल गराइ विभिन्न प्रकोपहरुलाई परिचित गराई त्यसका असरवारे वताउन लगाउने | तालिका,चित्र, श्रव्यदृश्य,शब्द पत्ति | पहिरो बाट हुने कुनै २ वटा असरहरु भन्नुहोस । | |
| ७ | मेरो सिर्जना | १. आफ्नो स्थानीय स्तरमा गाइने गीत सङ्ग परिचित भइ अभिनय गर्न | देउडा खेल | १.विद्यार्थीहरुलाई शिक्षकले गोलो घेरामा राखी स्थानीय स्तरमा गाइने गीत सुनेर सो अनुसार अभिनय गर्न लगाउने | श्रव्यदृश्य | कुनै एउटा गीत बाचन गरी अभिनय गर्नुहोस । | १८ |
| | | २. स्थानीय स्तरका खेलकुदका सामाग्रीहरु सङ्कलन गर्न | खेलकुद सामग्री | १.शिक्षकले विद्यार्थीहरुलाई स्थानीय खेलकुदका चित्र देखाई नाम भन्न लगाउने<br>२.स्थानीय खेलकुदमा प्रयोग हुने सामग्री सङ्कलन गर्न प्रोत्साहन गर्ने जस्तैः- ढुङ्गा,माटो,डोरी..... | चित्र,तालिका | ज्याम पातामा कुन कुन सामग्री हरु चाहिन्छ न? | |
| ८ | हाम्रो संस्कृति | १.स्थानीय स्तरमा लगाइने पोशाकहरुको सूची तयार गर्न<br>२.स्थानीय स्तरमा | मेरो चिनारी | शिक्षकले विद्यार्थीहरुलाई आ-आफ्नो समुदायका महिलाहरुले लगाउने गरगहना तथा महिला र | चित्र,ठोस वस्तु,तालिका | कुनै ३ वटा पोशाक का नाम | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | लगाउने गरगहनाहरुको नाम लेख्न | | पुरुषले लगाउने पोशाकहरुका नाम भन्न र लेख्न लगाउने ,चित्र वा ठोस वस्तु(गरगहना-खन्टो,फुली,काटा,कल्ली....) देखाइ परिचित गराई लेख्न लगाउने | | लेख्नुहोस । महिला ले लगाउने २ वटा गरगह नाका नाम लेख्नुहोस । | |
| | | ३.स्थानीय स्तरमा मनाइने चाड पर्व तथा मेला उत्सवहरुको सूची तयार गर्न | चाड पर्व(पुष पन्ध्र) | १.शिक्षकले विद्यार्थीहरुलाई चित्र पत्ति अवलोकन गर्न लगाउदै स्थानीय स्तरमा मनाइने अन्य चाड पर्वहरुको सूची तयार गर्न लगाउने<br>२.चित्र पत्ती देखाउदै अन्य चाड पर्वको वारेमा जानकारी दिने | चित्र,पोस्टर | कुनै २ वटा चाड पर्वहरु को नाम भन्नुहोस । | |
| | | ४.स्थानीय स्तरमा पकाइने परिकारहरुको नाम लेख्न | स्थानीय खानाका परिकार | विद्यार्थीहरुलाई घरमा तयार पारिने विभिन्न परिकारहरुको वारेमा छलफल गराई शिक्षकले कुनै परिकारको चित्र पत्ती देखाउदै त्यसका वारेमा जानकारी दिई स्थानीय खानाका परिकारहरुको नाम लेख्न लगाउने | चित्र,पोस्टर,शब्द पत्ती | कुनै २ वटा खाना का नाम लेख्नुहोस । | |
| | | ५.स्थानीय स्तरमा बजाइने बाजाहरुको नाम लेख्न | स्थानीय बाजा | १. शिक्षकले विद्यार्थीहरुलाई आफूले देखेका बाजाहरुको नाम भन्न लगाउने र टिपोट गर्ने<br>२.विभिन्न बाजाहरुको पोस्टर देखाउदै दमाह,नरसिँगा आदि बाजाहरु सँग परिचित गराउने | चित्र,पोस्टर,शब्द पत्ती | तपाईले देखेका कुनै ५ बाजाहरुको नाम भन्नुहोस । | |

## कक्षा ३ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| क्र.स | बिषय क्षेत्र(थिम) | कक्षा ३ को सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | म र मेरो परिवार | १.स्थानीय भाषामा बोलिने नाता शब्द र नेपाली भाषामा बोलिने नाता शब्दको सूची बनाउन | नाता सम्बन्ध | १.विद्यार्थीहरुलाई घरमा भएका सदस्यहरुसँगको नाता जनाउने शब्दहरु आपसमा छलफल गराई भन्न र कापिमा लेख्न लगाउने र उनीहरुलाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने जस्तैः- आमा,बुवा(बाउजु),भाउजू(वउजु),बाजे(बाजेउ),मामा,माइजू, काका,काकी,साला,साली,अमाजु,..आदि साथै शिक्षकले विद्यार्थीहरुलाई पालैपालो नाता अनुसारको अभिवादन गरी अभिनय गर्न लगाउने | चित्र पत्ती,शब्द पत्ती(नाम थर भएको) | तपाईको बुवाको दिदि लाई के भन्नु हुन्छ ? | १५ |
| | | २.आफ्नो घरपरिवारमा प्रयोग गरीने शिष्टाचारका शब्दको प्रयोग गर्न<br>३.स्थानीय भाषामा प्रयोग हुने नाता अनुसारका अभिवादनका शब्द र नेपाली भाषामा प्रयोग हुने नाता अनुसारका अभिवादनका शब्द पहिचान गरी प्रयोग गर्न | शिष्टाचार | १. शिक्षकले विद्यार्थीहरुलाई परिवारमा प्रयोग हुने नाता सम्बन्धी शिष्टाचारका शब्दहरु स्थानीय भाषामा र नेपालि भाषामा लेख्न लगाउने ।<br>२.शिक्षकले विद्यार्थीहरुलाई परिवारमा प्रयोग हुने शिष्टाचारका शब्द प्रयोग गरी अभिनय गर्न लगाउने जस्तै धन्यवाद,स्वागत,भाग्यमानि,ढोग,दर्शन, नमस्कार,नमस्ते,जयहोस,.... | चित्र पत्ती,शब्द पत्ती(नाता अनुसार) | तपाईको परिवारमा प्रयोग हुने कुनै २ शिष्टाचारका शब्द लेख्नुहोस । | |
| २ | मेरो दैनिक जीवन | १. व्यक्तिगत सरसफाइको महत्व भन्न | व्यक्तिगत सरसफाइ | १.विद्यार्थीहरुलाई आफूले प्रयोग गर्ने सरसफाइका सरसामानहरुको सूची तयार गर्न लगाउने<br>२.शिक्षकले विद्यार्थीहरुलाई चित्र पत्ती,शब्द पत्ती र | ठोस बस्तु,शब्द पत्ती,चित्र पत्ती र तालिका | हामिले विहान सधै मुख धुनु किन पर्दछ ? | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | तालिका वा ठोस बस्तु देखाउदै सरसफाइको महत्व वारे छलफल गर्ने<br>३. विद्यार्थीहरुलाई समूह विभाजन गरी सरसरफाइको महत्व लेख्न र प्रस्तुत गर्न लगाउने | | | |
| | | २.स्थानीय स्तरमा खेलिने खेलहरु आफ्ना दौतरीहरु सँग मिलेर खेल्न | खेल अभ्यास | १. शिक्षकले विद्यार्थीहरुलाई आफूले खेल्दै गरेका खेलहरुको नाम भन्न र लेख्न लगाउने र समूह विभाजित गरी स्थानीय स्तरमा खेलिने खेलहरु दौतरीहरु सँग मिलेर खेल्न प्रोत्साहन गर्ने | खेल तालिका,खेल सामग्री,श्रव्य दृश्य सामग्री | कुनै एक नमुना खेल खेल्न लगाई अवलोकन गर्ने। | |
| ३ | हाम्रो समुदाय | १. आफ्नो टोल तथा गाउँको परिचय दिदै समुदायमा गरीने विभिन्न कामहरुमा सँलग्न व्यक्तिहरुको पहिचान गर्न | समुदायका पेसा | १.विद्यार्थीहरुलाई पालै पालो आफू वस्ने टोल तथा गाउँको परिचय दिने खेल खेल्न लगाउने ।<br>२. विद्यार्थीहरुलाई सामूहिकरुपमा चित्र पत्ती अध्ययन गर्न लगाइ समुदायमा रहेका विभिन्न व्यक्तिहरुले गर्ने कामहरुको सूची तयार पार्न लगाउने जस्तैः-<br>कृषि,आफर,सिलाई कटाइ, व्यापार,सिकर्मी,डकर्मी,शिक्षण, चिकित्सा,कुमाले,पशुपालन,.. | चित्र पत्ती | तपाईको समुदायका मानिसले गर्ने कुनै ३ वटा काम लेख्नुहोस । | २६ |
| | | २. आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलहरुमा गरीने क्रियाकलापको सूची तयार गर्न<br>३.आफ्नो टोल तथा गाउँमा रहेका सार्वजनिक स्थलमा सरसफाइको महत्व बताउन | सार्वजनिक स्थलको सरसफाइ | १. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी सार्वजनिक स्थलमा (चौतारो ,पटकानी,पाटी पौवा,चौर,धारा,कुवा,बाटा ,मन्दिर,सामुदायिक वन,खोला नाला...आदि) गरीने क्रियाकलापको सूची बनाउन लगाइ कक्षामा प्रस्तुत गर्न लगाउने जस्तैः-पटकानीमा खेल,बैठक,छलफल आदि | चित्र पत्ती ,तालिका,पोस्ट र | धाराको सरसफाइ किन गर्नु पर्दछ ? | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २. विद्यार्थीहरुलाई विभिन्न सार्वजनिक स्थलहरुका पोस्टरहरु देखाउदै  सार्वजनिक स्थलहरुमा सरसफाइको महत्व बताउन लगाउने | | | |
| | | ४. आफ्नो गाउँ टोल तथा समुदायमा भएका प्रथा तथा चलनहरुका बारेमा भन्न | हाम्रो परम्परा | शिक्षकले विद्यार्थीहरुलाई विभिन्न प्रथाहरुको उदाहरण दिदै आफ्नो समुदायमा भएका प्रथाहरु (पडिमो,चेली तिहार,ओलक...) को वारेमा भन्न लगाउने जस्तैः चेली तिहार-माघको महिनाभर सम्झना स्वरुप विवाहित छोरीलाई सेल रोटी दिनु... | चित्र पत्ती ,तालिका | पडिमो प्रथाको बारेमा भन्नुहोस । | |
| ४ | हाम्रो विद्यालय | १. कक्षा कोठाको सरसफाइ गर्न र सरसफाइको महत्व बताउन | मेरो कक्षा कोठा | शिक्षकले विद्यार्थीहरुलाई कक्षा कोठामा सरसफाइ गर्न लगाई अवलोकन गर्ने र तालिका,पोस्टर ,चित्र प्रस्तुत गरी समूहमा छलफल गर्न लगाई कक्षा कोठा सरसफाइको महत्व बताउन लगाउने | चित्र पत्ती ,तालिका,पोस्ट र सरसफाइका सामग्रीहरु | कक्षा कोठा सरसफाइ किन गरीन्छ ? | १५ |
| | | २.आफ्नो विद्यालयको नियमको पालना गर्न<br>३. विद्यालय भित्र तथा बाहिर घुलमिल भई शिष्टाचार शब्दको प्रयोग गरी व्यवहार गर्न | विद्यालयको अनुशासन | १. शिक्षकले कक्षा कोठामा चित्र पत्ती र आचारसँहिताका माध्यम बाट विद्यालयका सामान्य नियमहरु प्रर्दशन गरी विद्यार्थीहरुलाई अनुशासनको अवधारणा दिने र समूह विभाजन गरी सामान्य नियमहरु तयार गरी प्रस्तुत गर्न लगाई सोही अनुरुप व्यवहार प्रर्दशन गर्न उत्प्रेरित र निर्देशित गर्ने तथा अवलोकन गर्ने | मेटा कार्ड,चित्र पत्ति, आचारसँहिता चार्ट | तपाई विद्यालयमा कति बजे आउनुहुन्छ ? | |
| ५ | हाम्रो वरपरका जिवजन्तु | १.आफ्नो घर तथा छिमेकमा भएका जनावर तथा | जीवजन्तु | १.समूहमा विद्यार्थीहरुलाई शिक्षकले आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीहरुको | शब्द पत्ती,चित्र पत्ती,तालिका | गाईको महत्व लेख्नुहोस । | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पशुपन्छीको महत्व वताउन<br>२. आफ्नो घरमा भएका जनावर तथा पशुपन्छीको आवाज ,खाना , आवास र रङ्ग चिन्न र लेख्न<br>३. घरपालुवा र जङ्गली जनावर बीच फरक छुट्याउन | | नाम,खाना,आवास,आवाज,रङ्ग र तिनीहरुको महत्व लेख्न लगाउने तथा शिक्षकले आँफूले तयार पारेको तालिका प्रस्तुत गरी थप स्पस्ट पारिदिने<br>२.शिक्षकले चित्र प्रस्तुत गरी विद्यार्थीहरुलाई घरपालुवा र जङ्गली जनावर छुट्याउन लगाउने र सहभाजीकरण गर्ने | | घरपालुवा र जङ्गली जनावर वीच के फरक छ ? बाख्रा वस्ने ठाउँ लाई के भनिन्छ ? | |
| ६ | हाम्रो वातावरण | १.आफ्नो वरपर रहेका कृषिजन्य वस्तुहरुको फाइदाहरु लेख्न | कृषि उपज | समूहमा विद्यार्थीहरुलाई शिक्षकले कृषिजन्य वस्तुहरुको जानकारी दिइ ति वस्तुहरुका फाइदाहरु विद्यार्थीहरुलाई लेख्न लगाउने र शब्द पत्ती,चित्र पत्ती ,वाक्य पत्ति तथा तालिका प्रस्तुत गरी शिक्षकले थप प्रस्ट पार्ने | शब्द पत्ती,चित्र पत्ती,वाक्य पत्ति,तालिका | भट्मासका फाइदाहरु लेख्नुहोस । | २२ |
| | | २.आफ्नो वरपर रहेका धार्मिक स्थलहरुको सूची बनाउन | धार्मिक स्थल | १.विद्यार्थीहरुको पुर्व धारणा बुझ्दै चित्र,तस्बिर तथा पोस्टर देखाई उक्त चित्रमा देखेका कुराहरुको सूची तयार गर्न लगाउने<br>२. देखाइएका सामग्रीमा झै विद्यार्थीहरुलाई आफ्नो वरपर रहेका धार्मिक स्थलहरुको सूची तयार गरी प्रस्तुत गर्न लगाउने | तस्विर,चित्रहरु ,श्रव्य दृश्य सामग्रीहरु,तालिका | तपाईको समुदायमा रहेका धार्मिक स्थलहरुको सूची बनाउनुहोस । | |
| | | ३.आफ्नो वरपर हुन सक्ने प्रकोपबाट बच्ने उपायहरु बताउन र लेख्न | प्राकृतिक प्रकोप | विद्यार्थीहरुलाई शिक्षकले प्राकृतिक प्रकोप सम्बन्धी( चट्याङ,हावाहुरी,बाढि पहिरो,आगलागी,भुइचालो..) चित्र प्रस्तुत गरी विद्यार्थीहरु विच छलफल गराइ त्यस बाट बच्ने उपायहरु लेख्न लगाउने र शिक्षकले प्राकृतिक प्रकोप बाट बच्ने उपाय वारे अभ्यास गराउने | चित्र,पोस्टर,श्रव्यदृश्य सामग्री | हावाहुरी बाट कसरी बच्न सकिन्छ ?<br>भुकम्प आएको अवस्थामा तपाई के गर्नु हुन्छ ? | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | मेरो सिर्जना | १.आफ्नो गाउँ घर र साथीहरु सङ्ग खेलिने खेलहरु नियमबद्धरुपमा खेल्न | खेलकुद | १.शिक्षकले विद्यार्थीहरुलाई स्थानीय स्तरमा खेलिने खेल तथा नियम बताउन लगाउने र थप अभ्यासका लागि नियमबद्धरुपमा खेल्न लगाउने । जस्तैः-गट्टा(पिडी),आराम पातो... | पोष्टर,चित्र | आराम पातो खेल कसरी खेलिन्छ ? अवलोकन | १८ |
| | | २. स्थानीय स्तरमा गाइने गीतहरुको लय मिलाएर अभिनय गर्दै गाउँन | गीत | १.विद्यार्थीहरुलाई गोलो घेरामा राखी स्थानीय स्तरमा गाइने गीतहरुलाई शिक्षकसङ्ग लय मिलाएर गाउँन र अभिनय गर्न लगाउने<br>२. विद्यार्थीहरुलाई समूह विभाजन गरी लय मिलाएर गाउँन र अभिनय गर्न लगाउने | श्रव्यदृश्य, तयारी गीत चार्ट | कुनै २ हरफमा ठाडीभाका गाउनुहोस । अवलोकन | |
| | | ३.स्थानीय स्तरका सामाग्री प्रयोग गरी आफूलाई मन पर्ने वस्तु निर्माण गर्न | मेरो कला | १. विद्यार्थीहरुलाई स्थानीय सामग्री (ढुङ्गा,माटो,डोरी,कागज.....) सँकलन गरी मन पर्ने चित्र तथा वस्तु तयार गरी कक्षामा प्रर्दशन गर्न लगाउने | स्थानीय सामग्रीहरु | अवलोकन | |
| ८ | हाम्रो संस्कृति | १.स्थानीय स्तरमा महिला र पुरुषले परम्परागत रुपमा लगाइने पोशाकहरुको सूची तयार गर्न<br>२.स्थानीय स्तरमा समय अनुसार महिलाहरुले लगाउने गरगहनाहरुको तालिका तयार पार्न<br>३.स्थानीय स्तरमा मनाइने चाड पर्व तथा मेला उत्सवहरुको सामान्य परिचय दिन | स्थानीय चाडपर्व तथा भेषाभूषा | १.शिक्षकले विद्यार्थीहरुलाई तस्बिर तथा चित्र देखाइ चाड पर्वमा लगाउने पोशाक तथा गरगहनाको बारेमा जानकारी गराउने र आ-आफ्नो समुदायका महिलाहरुले लगाउने गरगहना तथा महिला र पुरुषले लगाउने पोशाकहरुका नाम भन्न र लेख्न लगाउने<br>२.शिक्षकले विद्यार्थीहरुलाई चित्र पत्ति अवलोकन गर्न लगाउदै स्थानीय स्तरमा मनाइने अन्य चाड पर्वहरुको सूची तयार गर्न लगाउने<br>३. शिक्षकले विद्यार्थीहरुलाई स्थानीय स्तरमा मनाइने चाड पर्वहरुको परिचय दिन | चित्र,तालिका, ठोस वस्तु, | तपाईको समुदायमा महिलाले कुन कुन गहना लगाउछन तालिका बनाउनुहोस ।<br>महिला र पुरुषले लगाउने पोशाकको सूची बनाउनुहोस ।<br>दशैको परिचय दिनुहोस । | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लगाउने,टिपोट गर्ने र तालिकाको माध्यमबाट छलफल गरी प्रस्ट पार्ने | | | |
| | | ४.स्थानीय स्तरका परिकारहरु बनाउने तरिका बताउन | स्थानीय परिकार | १. विद्यार्थीहरुलाई घरमा तयार पारिने विभिन्न परिकारहरुको नाम भन्न लगाइ ती परिकार कसरी बनाइन्छ? भन्ने वारेमा छलफल गराउने<br>२. स्थानीय परिकार(फाँडो,पिनापानी,ढुकढुके रोटी,कापु,असिका,रोट,...) बनाउन आवश्यक विभिन्न सामग्रीहरुको नाम लेख्न लगाउने र परिकार बनाउने तरिका बताउन लगाउने तथा सहभाजीकरण गर्ने | चित्र,ठोस वस्तु,तालिका | अवलोकन पिनापानी कसरी बनाइन्छ ? | |
| | | ५.स्थानीय स्तरमा बजाइने बाजाहरुको सामान्य परिचय दिन | हाम्रा बाजा | १. विद्यार्थीहरुलाई समूह विभाजन गरी आफ्नो समुदायमा बजाइने बाजाहरुको सूची तयार गर्न लगाई प्रत्येक बाजाको सामान्य परिचय दिन लगाउने<br>२.तालिका र चित्र तथा अवलोकनको माध्यम बाट शिक्षकले विद्यार्थीहरुलाई विभिन्न बाजाहरुसँग परिचित गराउने । जस्तैः- ट्याम्को,हुड्को,ढोल,दमाह,झ्यालि,नरसिङ्गा,सहनाइ... | चित्र,पोस्टर,ठोस वस्तु(बाजा),तालिका... | हुड्को भनेको के हो ?.... समुदायमा रहेका कुनै २ वटा बाजाको परिचय दिनुहोस । | |

## कक्षा ४ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| **क्र.स** | **एकाई** | **कक्षा ४ को सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **शैक्षिक सामग्री** | **मूल्याङ्कन** | **कार्य घण्टा** |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो समुदाय र संस्कृति | आफ्नो गाउँको परिचय दिन | १.मेरो गाउँ | १. शिक्षकले कुनै गाउँको तस्बिर देखाउदै त्यस गाउँको नाम सहित सामान्य विशेषताहरु बताउने | गाउँको तस्विर | तपाईको गाउँको परिचय | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | जस्तैः-नाम, स्थान,वडा,जातजाति,गर्ने पेसा. ... २.पालै पालो विद्यार्थीहरुलाई आ-आफ्नो गाउँको परिचय दिन लगाउने | | दिनुहोस । | |
| | | चेली तिहारको परिचय तथा महत्व वताउन | २.चेली तिहार | १. पाठ सङ्ग सम्बन्धीत विभिन्न चित्रहरु देखाउदै विद्यार्थीहरुलाई चित्रमा देखेका कुरा हरु भन्न लगाउने २. चित्रलाई व्याख्या गर्दै चेली तिहारको परिचय दिइ महत्व वारे प्रकाश पार्ने | तस्विर,चित्र पत्ति | चेली तिहारको परिचय दिनुहोस । चेली तिहारको कुनै २ वटा महत्व भन्नुहोस । | |
| | | आफ्ना समुदायमा रहेका भेषाभूषाको सूची तयार पार्न | ३. भेषाभूषा | १.शिक्षकले विद्यार्थीहरुलाई भेषाभूषा सम्बन्धी पोस्टर देखाई पोस्टरमा भएका भेषाभूषाहरुको सुची तयार गर्न लगाउने | पोस्टर, तालिका | तपाईको समुदायमा भएका भेषाभूषाको सूची बनाउनुहोस । | |
| २ | स्थानीय पेसा तथा प्रविधि | पानी घट्टको सामान्य परिचय दिइ काम वताउन | १.पानी घट्ट | १. शिक्षकले आँफूले तयार पारेको वा प्राप्त गरेको श्रव्य दृश्य सामग्री प्रस्तुत गरी विद्यार्थीहरुलाई अवलोकन गर्न लगाई पानी घट्टका वारेमा भन्न लगाउने २. सम्भव भए सम्म पानी घट्ट अवलोकन गर्न लगाई त्यसका कार्यहरु टिपोट गर्न लगाउने | श्रव्य दृश्य सामग्री | पानी घट्टको परिचय दिइ यसको काम लेख्नुहोस । | १८ |
| | | आफर पेसाको सामान्य परिचय दिइ आफरमा निर्माण गरीने सामानहरुको सामान्य सूची तयार पार्न | २.आफर | १. शिक्षकले विद्यार्थीहरुलाई आफरमा निर्माण हुने सामाग्रीहरुको वारेमा कापीमा टिपोट गर्न लगाउने २.शिक्षकले विद्यार्थीहरुलाई नजिकै रहेको आफरमा अवलोकन गर्न लगाई उक्त आफर बाट निर्माण गरीएका सामानहरुको समूहगत रुपमा तालिका बनाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने | श्रव्य दृश्य सामग्री,तस्विर,तालिका | आफरमा निर्माण हुने कुनै २ वटा सामाग्रीहरुको नाम लेख्नुहोस । | |
| | | बाख्रा पालनका फाइदा लेख्न | ३.बाख्रा पालन | बाख्रा पालन सम्बन्धी विद्यार्थीहरुलाई विभिन्न प्रश्न गरी त्यसका फाइदाहरु लेख्न लगाउने | चित्र पत्ती,बाक्य पत्ति,तालिका | बाख्रा पालनका कुनै ३ वटा फाइदाहरु | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | लेख्नुहोस । | |
| | | कुखुरापालनका लागि चाहिने आवश्यक पूर्वाधारको तालिका तयार पार्न | ४.कुखुरापालन | शिक्षकले विद्यार्थीहरुलाई कुखुरा पालनका लागि चाहिने पूर्वाधार तथा सामग्रीका वारेमा सोध्ने र प्राप्त प्रतिक्रियालाई टिपोट गर्ने | चित्र पत्ती,बाक्य पत्ति,तालिका | कुखुरा पालनका लागि चाहिने पूर्वाधारको तालिका बनाउनुहोस । | |
| ३ | हाम्रो नगरपालिका | साँफेवगर नगरपालिकाको सामान्य परिचय दिन(नाम,स्थान,...) | १.मेरो साँफेवगर | साँफे वगर नगरपालिकाको वारेमा शिक्षकले विद्यार्थीहरुलाई प्रश्न सोध्ने ,प्राप्त उत्तरलाई टिपोट गर्ने र विद्यार्थीहरु बाट प्राप्त उत्तरलाई समायोजन गर्दै नाम,स्थान,वडा... लेखिएको तालिका प्रस्तुत गरी छलफल गर्ने | तालिका,नक्सा,शब्द पत्ति | साँफे वगर नगरपालिकामा कति वडा रहेका छन ? | १४ |
| ४ | ऐतिहासिक तथा धार्मिक सम्पदा | झिगटी घरको परिचय दिन | १. झिगटी घर | १.शिक्षकले विद्यार्थीहरुलाई झिगटी घरको तस्विर प्रर्दशन गर्ने<br>२.उक्त सँरचना वारे विद्यार्थीहरु विच छलफल गरी परिचय लेख्न लगाउने | तस्विर | झिगटी घरको परिचय दिनुहोस । | १५ |
| | | बाहुल ढुङ्गाको परिचय दिन | २.बाहुल ढुङ्गा | १.शिक्षकले विद्यार्थीहरुलाई बाहुल ढुङ्गाको तस्विर प्रर्दशन गर्ने<br>२.उक्त सँरचना वारे विद्यार्थीहरु विच छलफल गर्ने<br>३. बाहुल ढुङ्गा सम्बन्धमा विद्यार्थीहरुलाई लेख्न लगाई शिक्षकले सहभाजीकरण गर्ने | तस्बिर,चित्र | बाहुल ढुङ्गा कुन स्थानमा अवस्थित रहेको छ ? | |
| ५ | अन्नबाली | कोदो बालीको परिचय दिइ यसबाट बनाइने परिकार बताउन | १. कोदो | १. शिक्षकले विद्यार्थीहरुलाई कोदो र कोदो बाट बन्ने परिकारका बारेमा भन्न लगाउने र शिक्षकले टिपोट गर्ने<br>२. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी कोदो बाट बन्ने परिकारको सूची बनाउन लगाउने | चित्र,कोदोको बोट,तालिका | कोदोबाट बनाइने कुनै २ परिकारका नाम लेख्नुहोस । | १४ |
| | | भटमास बालीको परिचय दिइ यसबाट बनाइने परिकार बताउन | २.भटमास | १. शिक्षकले विद्यार्थीहरुलाई भटमास र भटमास  बाट बन्ने परिकारका बारेमा भन्न लगाउने र शिक्षकले टिपोट गर्ने<br>२. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी भटमास बाट बन्ने परिकारको सूची बनाउन लगाउने | चित्र,भटमास ,तालिका | भटमासको परिचय दिनुहोस । भटमासबाट बनाइने कुनै २ परिकारका नाम लेख्नुहोस । | |
| ६ | हाम्रा | साँफे हाट | १.साँफे हाट | विद्यार्थीहरुलाई शिक्षकले साँफे | चार्ट,तस्बिर,तालि | साँफे हाट | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यापारिक केन्द्र | बजारको सामान्य परिचय दिन | बजार | हाट बजारका बारेमा पालै पालो भन्न लगाउने ,टिपोट गर्ने र तयार पारेको चार्ट प्रर्दशन गरी छलफल गरी लेख्न लगाउने | का | बजारको परिचय दिनुहोस । | |
| ७ | लोपोन्मुख वस्तु तथा जनावर | भोटे ताल्चाको परिचय दिन | १.भोटे ताल्चा | विद्यार्थीहिरुलाई शिक्षकले भोटे ताल्चाको तस्बिर देखाई समूह विभाजन गरी सो चित्रमा देखेका कुराहरु भन्न लगाउने,टिपोट गर्ने र आवश्यक जानकारी दिई भोटे ताल्चाको बारेमा लेख्न लगाउने | तस्बिर,चित्र | भोटे ताल्चाको परिचय दिनुहोस । | १९ |
| | | डोला र म्यानाको परिचय दिइ यसका काम बताउन | २.डोला र म्याना | शिक्षकले विद्यार्थीहरुलाई डोला र म्यानाको वारेमा पुर्व ज्ञान बुझ्ने र डोला र म्यानाको तस्बिर देखाई सो चित्रमा देखेका कुराहरु भन्न लगाउने,टिपोट गर्ने र आवश्यक जानकारी दिई डोला र म्यानाका कामहरु लेख्न लगाउने | तस्बिर,चित्र | डोला र म्याना प्रयोग कुन बेला गरीन्छ ? डोला र म्यानाका कुनै २ काम बताउनुहोस । | |
| ८ | फोहोरमैला व्यवस्थापन | घर भित्रका फोहोरमैला सँग परिचित भई सड्ने र नसड्ने फोहोरमैला छुट्याउन सड्ने र नसड्ने फोहोरमैला छुट्याइ उचित व्यवस्थापनमा सहयोग गर्न | फोहोरमैला क.परिचय ख.सड्ने र नसड्ने फोहोरमैला | विद्यार्थीहरुलाई फोहोरमैलाका वारेमा चित्र पत्ति,तस्बिर देखाउदै उनिहरुको पुर्व धारणा बुझि विद्यार्थीहरुलाई विद्यालय हाता भित्र रहेका सड्ने र नसड्ने फोहोरमैला छुट्याउन लगाई त्यसको उचित व्यवस्थापनमा सहयोग गर्न लगाउने | तस्बिर,चित्र,ठोस वस्तु | फोहोरमैला व्यवस्थापन भनेको के हो ? | ९ |

## कक्षा ५ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| क्र.स | एकाई | कक्षा ५ को सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो समुदाय र संस्कृति | आफ्नो गाउँ घरको परिचय लेख्न | १.मेरो गाउँ घर | १. शिक्षकले कुनै गाउँ घरको तस्बिर देखाउदै त्यस गाउँ घरको नाम सहित सामान्य विशेषताहरु बताउने जस्तैः-नाम, स्थान,वडा,जातजाति,ग | गाउँ घरको तस्विर | तपाईको गाउँ घरको परिचय दिनुहोस । | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | र्ने पेसा,भौगोलिक अवस्था.<br>...<br>२.पालै पालो विद्यार्थीहरुलाई आ-आफ्नो गाउँ घरको परिचय दिन लगाउने | | | |
| | | अनन्ते मेलाको सामान्य परिचय दिन | २. अनन्ते मेला | १. पाठ सङ्ग सम्बन्धीत विभिन्न चित्रहरु देखाउदै विद्यार्थीहरुलाई चित्रमा देखेका कुरा हरु भन्न लगाउने<br>२. चित्रलाई व्याख्या गर्दै अनन्ते मेला को परिचय दिन लगाउने | तस्विर,चित्र पत्ति | अनन्ते मेलाको परिचय दिनुहोस । | |
| | | आफ्ना समुदायमा रहेका भेषाभूषाको सूची तयार पारि रहनसहन वारे वर्णन गर्न | ३. भेषाभूषा तथा रहनसहन | १.शिक्षकले विद्यार्थीहरुलाई भेषाभूषा सम्बन्धी पोस्टर देखाई पोस्टरमा भएका भेषाभूषाहरुको सुची तयार गर्न लगाउने<br>२.आफ्ना समुदायमा रहेका भेषाभूषा तथा रहनसहनको तालिकिकरण गर्न लगाउने | पोस्टर, तालिका | तपाईको समुदायमा भएका भेषाभूषाको सूची बनाउनुहोस । | |
| २ | स्थानीय पेसा तथा प्रविधि | कोलको सामान्य परिचय दिइ कोल निर्माण गर्दा चाहिने सामग्रीहरुको नाम लेख्न | १.कोल | १. शिक्षकले आँफूले तयार पारेको वा प्राप्त गरेको श्रव्य दृश्य सामग्री प्रस्तुत गरी विद्यार्थीहरुलाई अवलोकन गर्न लगाई कोलको वारेमा भन्न लगाउने<br>२.कोल निर्माण गर्दा चाहिने सामग्रीहरुको नाम लेख्न लगाउने | श्रव्य दृश्य सामग्री | कोलको परिचय लेख्नुहोस ।<br>कोल निर्माणका कुनै २ सामग्रीहरु लेख्नुहोस । | १८ |
| | | १. कृषिको परिचय दिन<br>२. आफ्नो समुदायमा गरीने हिउदे र | २.कृषि | १. विद्यार्थीहरुलाई शिक्षकले कृषि सम्बन्धी विभिन्न प्रश्नहरु सोध्ने , टिपोट गर्ने र स्पस्ट पार्ने<br>२. विद्यार्थीहरुलाई दुई | तस्बिर,तालिका, हिउदे र वर्षे बालीका नमुना | कृषिको परिचय दिनुहोस ।<br>तपाईको समुदायमा गरीने २/२ वटा हिउदे | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वर्षे वालिहरुको तालिका बनाउन | | समूहमा विभाजन गरी एउटा समूहलाई हिउदे बाली र अर्को समूहलाई वर्षे बालीहरुको तालिका बनाई प्रस्तुत गर्न लगाउने र विद्यार्थीहरुको तालिकालाई प्रोत्साहित गर्दै शिक्षकले सहभाजीकरण गर्ने | | र बर्षे बालीको नाम भन्नुहोस । | |
| | | भैँसीपालनको महत्व उल्लेख गर्न | ३.भैसीपालन | भैसीपालन सम्बन्धी विद्यार्थीहरुलाई विभिन्न प्रश्न गरी त्यसका फाइदाहरु लेख्न लगाउने (चित्र,तालिका वा बास्तबिक भैँसी देखाई भैँसी पालनको महत्व स्पस्ट पार्ने) | चित्र पत्ती,बाक्य पत्ति,तालिका | भैसीपालनका कुनै ३ वटा फाइदाहरु लेख्नुहोस । | |
| | | १.मौरीपालन को परिचय दिन<br>२. मौरीपालनका फाइदा बताउन | ४.मौरीपालन | १.शिक्षकले विद्यार्थीहरुलाई मौरीपालन सम्बन्धमा सोध्ने र प्राप्त उत्तरहरु टिपोट गर्ने<br>२. चित्र तालिका प्रर्दशन गरी मौरिपालनका फाइदाहरु बताउन लगाउने | चित्र पत्ती,बाक्य पत्ति,तालिका | मौरीपालनका कुनै २ वटा फाइदा भन्नुहोस । | |
| ३ | हाम्रो नगरपालिका | साँफेवगर नगरपालिका को परिचय दिन(नाम,स्थान,भौगोलिक अवस्था...) | १. मेरो नगरपालिका | साँफे वगर नगरपालिकाको वारेमा शिक्षकले विद्यार्थीहरुलाई प्रश्न सोध्ने ,प्राप्त उत्तरलाई टिपोट गर्ने र विद्यार्थीहरु बाट प्राप्त उत्तरलाई समायोजन गर्दै नाम,स्थान,वडा,भौगोलिक अवस्था,... लेखिएको तालिका प्रस्तुत गरी छलफल गर्ने | तालिका,नक्सा, शब्द पत्ति | साँफे वगर नगरपालिकामा कति वडा रहेका छन ?<br>साँफे वगर नगरपालिकाको कार्यालय कुन ठाँउमा रहेको छ ? | १४ |
| ४ | ऐतिहासिक तथा धार्मिक सम्पदा | विमकोट दरवारको परिचय दिन | १.विमकोट दरवार | १.शिक्षकले विद्यार्थीहरुलाई विमकोट दरवारको तस्विर प्रर्दशन गर्ने | तस्विर | विमकोट दरवारको परिचय दिनुहोस । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २.उक्त सँरचना वारे विद्यार्थीहरु विच छलफल गरी परिचय लेख्न लगाउने | | | |
| | | जिमराडीको परिचय दिन | २.जिमराडी | १.शिक्षकले विद्यार्थीहरुलाई जिमराडीको तस्विर प्रर्दशन गर्ने<br>२.उक्त स्थानका बारेमा विद्यार्थीहरु विच छलफल गर्ने र शिक्षकले आवश्यक सहभाजीकरण गर्ने | तस्बिर,चित्र | जिमराडी कुन स्थानमा अवस्थित रहेको छ ? | |
| ५ | अन्नबाली | जौ बालीको परिचय दिइ यस महत्व बताउन | १.जौ | १. शिक्षकले विद्यार्थीहरुलाई जौ बालीको चित्र देखाई यसको परिचय दिन लगाउने<br>२. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी जौ बालीको प्रयोग कुन कुन काममा गरीन्छ सोको तालिका बनाउन लगाई शिक्षकले महत्व स्पष्ट पार्ने | चित्र,ठोस वस्तु ,तालिका | जौ बाली का कुनै २ महत्वहरु बताउनुहोस । | १४ |
| | | गुराँउस बालीको परिचय दिइ यसबाट बनाइने परिकार बताउन | २.गुराँउस | १. शिक्षकले विद्यार्थीहरुलाई गुराँउसको दाना तथा बोट देखाउदै यसको अवधारणा दिने र गुराँस बाट बन्ने परिकारका बारेमा भन्न लगाउने र शिक्षकले टिपोट गर्ने<br>२. विद्यार्थीहरुलाई समूहमा विभाजन गरी गुराँउस बाट बन्ने परिकारको सूची बनाउन लगाउने | चित्र, ठोस वस्तु ,तालिका | गुराँउसको परिचय दिनुहोस ।<br>गुराँसबाट बनाइने कुनै २ परिकारका नाम लेख्नुहोस । | |
| ६ | हाम्रा व्यापारिक केन्द्र | १.साँफे एयरपोर्ट बजारको परिचय दिन | १. साँफे एयरपोर्ट बजार | १.शिक्षकले विद्यार्थीहरुलाई साँफे एयरपोर्ट बजारको चित्र प्रर्दशन गरी छलफलका | चार्ट,तस्बिर,तालिका | साँफे एयरपोर्ट बजारमा उपलब्ध कुनै २ वटा सेवासुविधा | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २. साँफे एयरपोर्ट बजारमा उपलब्ध सेवा सुविधाहरुको सूची बनाउन | | माध्यम बाट उक्त बजारलाई परिचित गराउने<br>२. साँफे एयरपोर्ट बजारमा उपलब्ध सेवासुविधाहरुको वारेमा चित्र देखाउदै सूची बनाउन लगाउने | | लेख्नुहोस । | |
| | | ठाँटी बजारको परिचय दिन र उक्त वजारमा उपलब्ध सेवा सुविधाहरुको सूची बनाउन | २. ठाँटी बजार | १.शिक्षकले विद्यार्थीहरुलाई ठाँटी बजारको चित्र प्रर्दशन गरी छलफलका माध्यम बाट उक्त बजारलाई परिचित गराउने<br>२. ठाँटी बजारमा उपलब्ध सेवासुविधाहरुको वारेमा सूची बनाउन लगाउने | तस्बिर,चित्र,तालिका | ठाँटी बजारमा उपलब्ध हुने कुनै ३ वटा सेवा सुविधाहरु लेख्नुहोस । | |
| ७ | लोपोन्मुख वस्तु तथा जनावर | माना पाथिको परिचय दिइ यसका महत्व लेख्न | १.माना पाथि | १.शिक्षकले विद्यार्थीहरुलाई अन्नबाली मापनका लागि घरमा प्रयोग गरीने सामाग्रीको नाम भन्न लगाउने<br>२.पोस्टर देखाउदै माना,पाथिको महत्व स्पष्ट पार्ने | ठोस वस्तु,तस्बिर,चित्र | माना पाथि के का लागि प्रयोग गरीन्छ ? | १९ |
| | | नौमुठे गाईको परिचय दिइ यसका विशेषताहरु लेख्न | २.नौमुठे गाई | १.विद्यार्थीहरुलाई नौमुठे गाईको तस्बिर देखाउदै छलफलका माध्यमबाट त्यसका विशेषताहरु सोध्ने र शिक्षकले टिपोट गर्नुका साथै सहभाजीकरण गर्ने<br>२.सानो दुधालु र दुधमा बढि पोषक तत्व भएको आदि विशेषताले चिनिने जनावर हो भन्दै प्रस्ट पारिदिने । | चित्र,तस्बिर, श्रव्य दृश्य | सानो दुधालु गाई कहाँ पाइन्छ ?<br>नौमुठे गाईका २ वटा विशेषता लेख्नुहोस । | |
| | | गुन्यु चोलो र खाइटोको परिचय दिन | ३.गुन्यु चोलो र खाइटो | १.विभिन्न थरिका भेषाभूषा भएको पोस्टरहरु देखाउदै गुन्यु चोलो र खाइटो वारे | चित्र,तस्बिर,श्रव्य दृश्य | गुन्यु चोलो कसले लगाउछ ? | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | छलफल गराई परिचित गराउने | | | |
| ८ | फोहोरमैला व्यवस्थापन | आफ्नो घर ,आगन र विद्यालयमा भएका सड्ने र नसड्ने बस्तुहरु छुट्याइ प्रकृति अनुसार व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापनको महत्व बताइ यसको व्यवस्थापनमा विद्यार्थीहरुको भूमिका उल्लेख गर्न | फोहोरमैला क.परिचय ख.सड्ने र नसड्ने फोहोरमैला ग. फोहोरमैला व्यवस्थापनको महत्व | विद्यार्थीहरुको पुर्व धारणा बुझि तस्बिर,चित्र,ठोस वस्तु प्रदर्शन गरी फोहोरमैला व्यवस्थापनमा छलफल गर्ने विद्यार्थीहरुलाई विद्यालय हाता भित्र रहेका सड्ने र नसड्ने फोहोरमैला छुट्याउन लगाई त्यसको व्यवस्थापन गर्न लगाउने र त्यसको व्यवस्थापनमा विद्यार्थीहरुको भूमिका प्रस्ट पारिदिने | तस्बिर,चित्र,ठोस वस्तु | फोहोरमैला व्यवस्थापनका ५ वटा महत्त्वहरु लेख्नुहोस ? | ९ |

## कक्षा ६ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| क्र.स. | एकाई | विषय क्षेत्र | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घ |
|---|---|---|---|---|---|---|
| १ | भौगोलिक बनावट तथा प्रशासनिक संरचना | नगरपालिका | नगरपालिकाको भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सा देखाई उनीहरुका विचारलाई समायोजन गरी नगरपालिकाको वारेमा(नाम,वडा संख्या,स्थापना मिति,भौगोलिक अवस्थिति..) प्रस्ट पार्ने | नक्सा | साँफेवगर नगरपालिकामा कति वडाहरु रहेका छन ?... | १५ |
| | | वडा कार्यालय(वडा सभा गठन र कार्य सम्पादन) | -कक्षामा रहेका सम्पूर्ण विद्यार्थीहरुलाई नमुनाका रुपमा निर्वाचन गराई वडा सभा गठन विधिको धारणा स्पष्ट पार्ने -चार्ट र तालिका को प्रयोग गरी विद्यार्थीहरुलाई वडा कार्यालयबाट प्रबाह गरीने सेवाहरु वारे छलफल गरी सूची तयार गर्न लगाउने | कागज,कैचि,गम,तालिका,चार्ट आदि | वडा कार्यालयबाट प्रवाह गरीने सेवाहरुको सूची वनाउनुहोस । | |
| | | नक्सा कार्य | विद्यार्थीहरुलाई ट्रेस पेपर वा सेतो कागजमा सिसाकलमको सहयोगले नक्सा वनाउन लगाउने र शिक्षकले अवलोकन तथा सहभाजीकरण गर्ने | नक्सा, ट्रेस पेपर | तपाईको नगरपालिकाको नक्सा तयार गर्नुहोस । | |
| | | हाम्रा छिमेकी पालिका | जिल्लाको भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सा देखाई विद्यार्थीहरुका प्रतिक्रियाहरुलाई समायोजन गर्दै छिमेकी पालिकाको | नक्सा | छिमेकी पालिकाका नामहरु भन्नुहोस । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सामान्य जानकारी (नाम,भौगोलिक अवस्थिति,विशेषता..) गराउने | | | |
| २ | हाम्रा जातजाति तथा भाषाभाषी | जातजाति तथा भाषा भाषी | विद्यार्थीहरुलाई आफ्नो नगरपालिका भित्र बसोबास गर्ने जातजाति र भाषाभाषिहरुको विवरण तयार गर्न लगाउने जस्तैः-<br>ब्राह्मण,क्षेत्री,दलित,जनजाति,अल्पसंख्यक<br>उर्दु भाषा,अछामि भाषा,डोटेलि भाषा..... | तालिका,चार्ट,शब्द पत्ति,तस्बिर... | तपाईको समुदायमा भएको जातजाति तथा भाषाको सूची तयार गर्नुहोस ।.. | १३ |
| | | सामाजिक सम्मान (जातिगत तथा भाषागत ) | विभिन्न जातजाति तथा भाषाभाषिका व्यक्तिहरु संगै विभिन्न कार्यहरुमा संलग्न भएका चित्रहरु अवलोकन गर्न लगाई सामाजिक सम्मान ,माया प्रेम,मेलमिलाप र भ्रातृत्वको अवधारणा विकास गराउने | तस्बिर,चित्र | समाजमा सवै जाति तथा भाषाभाषिले मिलेर गर्न सकिने कामहरुको सूची बनाउनुहोस । | |
| ३ | हाम्रो संस्कृति तथा मूल्यमान्यता | होलि खेल | श्रव्य दृश्यको माध्यम बाट विद्यार्थीहरु विच छलफल गराई उनिहरुबाट आएका प्रतिक्रियालाई सम्बोधन गर्दै शिक्षकले होलि पर्वको बारेमा प्रस्ट पारिदिने जस्तैः-मनाइने महिना,पोशाक,पहिरन.. | श्रव्य दृश्य | होलि पर्व कहिले मनाइन्छ ? | १५ |
| | | नामाकरण र भात चखाउने | विद्यार्थीहरुलाई समुदायमा हुने विभिन्न संस्कारहरुको वारेमा छलफल गर्न लगाई नामाकरण र भात चखाउने संस्कारका वारेमा स्पस्ट पार्ने | तालिका,चित्र पत्ति | नामाकरणका वारेमा लेख्नुहोस । | |
| ४ | सामाजिक समस्याहरु | बालविवाह | विद्यार्थीहरुलाई समाजमा विद्यमान सामाजिक समस्याहरुवारे अवगत गराई चित्र , तस्बिर प्रर्दशन गर्ने र समूह विभाजन गरी बालविवाह र यसले पार्ने नकारात्मक असरहरुको सूची बनाउन लगाउने | चित्र,तस्बिर,तालिका | बाल विवाहका कुनै ३ असरहरु लेख्नुहोस । | १४ |
| ५ | हाम्रा सम्पदा | ऐतिहासिक स्थलहरुः<br>क.बिमकोट दरबार<br>ख.नुवाहाट<br>ग.कालिमाटि गढि<br>घ.मोतिपुर दरवार<br>ङ खापर | १.ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्रीहरुको प्रर्दशन गरी ऐतिहासिक स्थलहरुसंग परिचित गराउने<br>२.ऐतिहासिक स्थलहरुका मुख्य-मुख्य विशेषताहरु र महत्व वारे विद्यार्थीहरुलाई भन्न लगाउने<br>३.ऐतिहासिक स्थलहरुको मुख्य चिनारी समावेश गर्दै महत्व माथी प्रकाश पार्ने | ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्री | बिम कोट दरबार कहाँ अवस्थित छ ?<br>कालिमाटी गढीका महत्वहरु लेख्नुहोस । | १७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जगन्ननाथ को दिव्यशिला | | | | |
| ६ | स्थानीय बालीनालि तथा परिकार | रैथाने बालीहरु<br>क.धान<br>ख.मकै<br>ग.गहुँ<br>घ. कोदो | १. विद्यार्थीहरुलाई शिक्षकले ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्रीहरुको प्रर्दशन गरी रैथाने बालीनालिहरु सँग परिचित गराउने<br>२. रैथाने बालीनालिहरु तथा ति बालीनालि बाट बन्ने परिकार र महत्व भन्न लगाउने<br>३.तालिका र विद्यार्थीहरुका प्रतिक्रिया समेटेर रैथाने बाली बाट बन्ने परिकार र महत्व स्पस्ट पार्ने | ठोस वस्तु,ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्री | स्थानीय स्तरका कुनै ३ बालीहरुको नाम लेख्नुहोस ।<br>कोदो बालीबाट बन्ने परिकारहरुको नाम लेख्नुहोस । | १० |
| ७ | स्थानीय पेसा,व्यवसाय र प्रविधि | स्थानीय पेसा व्यवसायः<br>क.खेतिपाति<br>ख.तरकारि खेति<br>ग.पशुपालन<br>घ.व्यापार | १.समूहगत रुपमा विद्यार्थीहरुलाई आफ्ना समुदायमा भएका स्थानीय व्यवसाय बारे छलफल गर्न लगाउने<br>२.छलफलका क्रममा आएका प्रतिक्रिया लाई समायोजन गर्दै चित्र,तालिकाको माध्यमबाट प्रस्ट पार्ने । र स्थानीय व्यवसायको प्रबर्द्धनमा विद्यार्थीहरुको भूमिका अवगत गराई सहयोग तथा अपनत्वको भावना विकास गर्ने | चित्र,तालिका,नमुना सामग्री | व्यापार भनेको के हो ? यसका प्रकारहरु लेख्नुहोस ।<br>स्थानीय व्यवसायको प्रबर्द्धनमा विद्यार्थीहरुले खेल्ने भूमिका उल्लेख गर्नुहोस । | १४ |
| ८ | स्वास्थ्य,सरसफाइ,पोषण , खेलकुद तथा योगाभ्यास | स्वास्थ्य सँस्था | समुदायमा भएका स्वास्थ्य संस्थाहरुको सूची बनाउन लगाई स्वास्थ्य संस्थाहरुले प्रदान गरीने सेवा सँग परिचित गराउने जस्तैः-गाउँ घर क्लिनिक,स्वास्थ्य चौकि, स्वास्थ्य केन्द्र,अस्पताल,बर्थिङ सेन्टर,आयुर्वेदिक औषधालय...... | तालिका,चित्र,श्रव्य दृश्य सामग्री | समुदायमा रहेका कुनै ३ वटा स्वास्थ्य संस्थाहरुको सूची बनाउनुहोस । | १५ |
| | | सरसफाइ र यसका प्रकार | १.चित्र,तालिका प्रस्तुत गरी विद्यार्थीहरु माझ छलफल गराउने<br>२.सरसफाइका प्रकारहरुको तालिका बनाउन लगाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने जस्तैः-व्यक्तिगत ,घरायसि,वातावरणीय | चित्र,तालिका | सरसफाइका प्रकारहरु भन्नुहोस । | |
| | | पोषण | विद्यार्थीहरुलाई समूहगतरुपमा राखि पोषण सँग परिचित गराई यसको बर्गीकरण गर्न लगाउने जस्तैः-प्रोटिन,कार्बोहाईड्रेड.... | चित्र,तालिका , श्रव्य दृश्य सामग्री | पोषण भनेको के हो ? र यसको बर्गीकरण गर्नुहोस । | |
| | | अनुलोम विलोम | सके सम्म श्रव्य दृश्य सामग्री वा चित्रको प्रयोग गरी विद्यार्थीहरुलाई कक्षा कोठा वा चौरमा राखेर योगा | चित्र,तालिका , श्रव्य दृश्य सामग्री | अनुलोम विलोम गर्ने तरिकाहरु लेख्नुहोस । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अभ्यास अन्तर्गत अनुलोम विलोम गर्ने तरिका बारे छलफल गरी अभ्यास गराउने र शिक्षकले अवलोकन तथा सहभाजीकरण गर्ने | | | |
| | | स्थानीय जडिबुटि | १.स्थानीय स्तरमा उपलब्ध हुन सक्ने वा भएका स्थानीय जडिबुटिहरुको चित्र ,तस्बिर प्रस्तुत गरी विद्यार्थीहरु विच छलफल गर्ने<br>२. विद्यार्थीहरुलाई समूह विभाजान गरी जडिबुटिहरुको सूची बनाई आवश्यकता र महत्वहरुको प्रस्तुत गर्न लगाउने जस्तैः-<br>टिमुर,बजो,पुदिना,तुलसि,कुयलि...... | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | समुदायमा रहेका जडिबुटिहरुको सूची बनाउनुहोस । | |
| ९ | विपद व्यवस्थापन | विपदः परिचय र व्यवस्थापन<br>क. बाढि पहिरो<br>ख. बगलागी<br>ग. हावाहुरी | विद्यार्थीहरुलाई विपद सम्बन्धी श्रव्य दृश्य सामग्री तथा तस्बिर प्रर्दशन गरी विपद सँग परिचित गराई विपद व्यवस्थापन गर्ने उपायहरु लेख्न लगाउने र शिक्षकले सहभाजीकरण गर्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | बाढि पहिरो बाट बच्ने उपायहरु लेख्नुहोस । | १५ |

## कक्षा ७ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| क्र. स. | एकाई | विषय क्षेत्र | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | भौगोलिक बनावट तथा प्रशासनिक संरचना | नगरपालिकाको भूवनोट | नगरपालिकाको भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सा देखाई उनीहरुका विचारलाई समायोजन गरी नगरपालिकाको वारेमा(भौगोलिक अवस्था) प्रस्ट पार्ने | नक्सा | साँफेवगर नगरपालिको भौगोलिक अवस्था कस्तो रहेको छ?वर्णन गर्नुहोस | १५ |
| | | स्थानीय कार्य पालिका(गठन र सेवा प्रवाह) | -कक्षामा रहेका सम्पूर्ण विद्यार्थीहरुलाई नमुनाका रुपमा निर्वाचन गराई स्थानीय गाउँ/नगर सभा गठन विधिको धारणा स्पष्ट पार्ने<br>-चार्ट र तालिका को प्रयोग गरी विद्यार्थीहरुलाई स्थानीय पालिकाबाट प्रबाह गरीने सेवाहरु वारे छलफल गरी सूची तयार गर्न लगाउने | कागज,कैचि, गम,तालिका, चार्ट ,नागरीक वडा पत्र | नगरपालिका को कार्यालय बाट प्रवाह गरीने सेवाहरुको सूची वनाउनुहोस । | |
| | | नक्सा कार्यःसाँफे वगर | विद्यार्थीहरुलाई ट्रेस पेपर वा सेतो कागजमा सिसाकलमको सहयोगले नक्सा | नक्सा, ट्रेस पेपर | साँफेबगर नगरपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वनाउन लगाई<br>प्राकृतिक,धार्मिक,ऐतिहासिक तथा भौगोलिक स्थलहरु देखाउन लगाउने र शिक्षकले अवलोकन तथा सहभाजीकरण गर्ने | | को नक्सा तयार पारी बैद्यनाथ धाम र बुढिगंगा नदि देखाउनुहोस । | |
| | | अछाम जिल्लाःस्थानीय पालिकाहरु | १.अछाम जिल्लाको भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सा विद्यार्थीहरुलाई अवलोकन गर्न लगाउने २. भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सामा भएका स्थानीय पालिकाहरुको नाम टिपोट गर्न लगाउने<br>३. शिक्षकले अछाम जिल्लामा रहेका पालिका वारे जानकारी (नाम,भौगोलिक अवस्थिति,विशेषता..) गराउने | नक्सा | अछाम जिल्लामा रहेका पालिकाहरु को नाम भन्नुहोस । | |
| २ | हाम्रा जातजाति तथा भाषाभाषि | जनसङ्ख्या तथा भाषीक बनोट | विद्यार्थीहरुलाई आफ्नो नगरपालिका भित्र बसोबास गर्ने जातजाति र भाषाभाषिहरुको विवरण तयार गर्न लगाई जातजाति र भाषाभाषिका आधारमा बर्गीकरण गर्न लगाउने जस्तैः-<br>ब्राह्मण,क्षेत्री,दलित,जनजाति,अल्पसंख्यक उर्दु भाषा,अछामि भाषा,डोटेलि भाषा..... | तस्बिर,चित्र, नगर प्रोफाइल,ब्रोसर | साँफेवगर नगरपालिकामा रहेका जातिगत वनोट तयार पार्नुहोस । | १३ |
| | | सामाजिक सद्भाव | श्रव्य दृश्यको माध्यम बाट विद्यार्थीहरु विच छलफल गराई उनिहरुका अनुभवलाई समेट्दै विभिन्न जातजाति तथा भाषाभाषिका व्यक्तिहरु संगै विभिन्न कार्यहरुमा संलग्न भएका चित्रहरु अवलोकन गर्न लगाई सामाजिक सद्भाव ,माया प्रेम,स्नेह,आत्मियता,मेलमिलाप र भ्रातृत्वको अवधारणा विकास गराउने | श्रव्य दृश्य,चित्र,तालिका | स्थानीय स्तरमा रहेका ४ वटा मूल्यमान्यताहरु उल्लेख गर्नुहोस । | |
| ३ | हाम्रो संस्कृति तथा मूल्यमान्यता | कृष्ण जन्माष्टमि र भूवो | १.श्रव्य दृश्यको सामाग्रीहरुको प्रदर्शन गरी विद्यार्थीहरुलाई कृष्ण जन्माष्टमि र भुवो पर्वको अनुभवहरु साटासाट गर्न लगाई एक आपसमा छलफल गर्न लगाउने<br>२. शिक्षकले कृष्ण जन्माष्टमि र भुवो पर्वमा | तालिका,चित्र पत्ति, श्रव्य दृश्य | भुवो पर्वमा गरीने ५ क्रियाकलापहरु लेख्नुहोस । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गरीने महत्वपूर्ण क्रियाकलापका बारेमा प्रस्ट पारिदिने जस्तैः-मनाइने महिना,पोशाक,पहिरन,भुवो खेल,डोल जात्रा.. | | | |
| | | चुडाकर्म तथा व्रतबन्ध | विद्यार्थीहरुलाई समुदायमा हुने विभिन्न संस्कारहरुको वारेमा छलफल गर्न लगाई चुडाकर्म तथा व्रतबन्ध संस्कार सँग परिचित गराई चित्र तस्बिर र तालिका प्रदर्शन गरी यसको महत्व स्पस्ट पार्ने | चित्र,तस्बिर, तालिका | चुडाकर्मको महत्व लेख्नुहोस । | |
| ४ | सामाजिक समस्याहरु | छाउपडि प्रथा | १.विद्यार्थीहरुलाई समाजमा विद्यमान सामाजिक समस्याहरुवारे अवगत गराई चित्र , तस्बिर प्रर्दशन गर्ने र समूह विभाजन गरी छाउपडि प्रथा र यसले समाजमा पारेका असरहरुको सूची तयार पारी बताउन लगाउने<br>२. विद्यार्थीहरु सँग छलफल गर्न लगाई छाउपडि प्रथा निराकरणका लागि विद्यार्थी,समुदाय,विद्यालय र वडा कार्यालयको भूमिका प्रस्ट पारिदिने | ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्री | छाउपडि प्रथा निराकरणका लागि विद्यार्थीको भूमिका बताउनुहोस | १४ |
| ५ | हाम्रा सम्पदा | धार्मिक सम्पदाहरुः<br>क.बैद्यनाथ धाम<br>ख.काला लेकि<br>ग.हाडा सैन<br>घ.अम्गाइ माडु /सिल्का<br>ङ.भगवति<br>च.ब्रह्मदेब<br>छ.भागेश्वर<br>ज.मालिका<br>झ.कालापोखरा<br>ञ. भैरवथान | १.ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्रीहरुको प्रर्दशन गरी धार्मिक सम्पदाहरु सँग परिचित गराउने<br>२. धार्मिक सम्पदाहरुका मुख्य-मुख्य विशेषताहरु र महत्व वारे विद्यार्थीहरुलाई भन्न लगाउने<br>३. धार्मिक सम्पदाहरुका मुख्य चिनारी समावेश गर्दै महत्व माथी प्रकाश पार्ने | चित्र,तालिका ,नमुना सामग्री ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्री | बैद्यनाथ धामका विशेषताहरु लेख्नुहोस । | १७ |
| ६ | स्थानीय बालीनालि तथा परिकार | रैथाने बालीहरु<br>क.जौ<br>ख.कागुनो र झुमरो<br>ग.जुवारो<br>घ.बेथे | १. विद्यार्थीहरुलाई शिक्षकले ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्रीहरुको प्रर्दशन गरी रैथाने बालीनालिहरु सँग परिचित गराउने<br>२. रैथाने बालीनालिहरु तथा ति बालीनालिहरुको महत्व  भन्न लगाउने<br>३.तालिका र विद्यार्थीहरुका प्रतिक्रिया समेटेर रैथाने बालीहरुको महत्व स्पस्ट पार्ने | तालिका,चित्र ,श्रव्य दृश्य सामग्री, ब्रोसर | जौ बालीका महत्वहरु लेख्नुहोस | १० |
| ७ | स्थानीय पेसा,व्यवसाय र | स्थानीय सीपः<br>क.बाँस तथा निगालोको | १.समूहगत रुपमा विद्यार्थीहरुलाई आफ्ना समुदायमा भएका स्थानीय सिप बारे | चित्र,तालिका | बाँस बाट तयार गर्न | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रविधि | काम सम्बन्धी सीप<br>ख.काठको काम सम्बन्धी सीप<br>ग.ढुङ्गा तथा माटोको काम सम्बन्धी सीप<br>घ. डोरिको काम सम्बन्धी सीप | छलफल गर्न लगाउने<br>२.छलफलका क्रममा आएका प्रतिक्रिया लाई समायोजन गर्दै चित्र,तालिकाको माध्यमबाट प्रस्ट पार्ने । र स्थानीय सीपको प्रबर्द्धनमा विद्यार्थीहरु र स्थानीय सरकारको भूमिका बताउन लगाउने | | सकिने कुनै ५ वटा वस्तुहरु भन्नुहोस । | |
| ८ | स्वास्थ्य,सरसफाइ ,पोषण , खेलकुद तथा योगाभ्यास | स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवा | १.चित्र,तालिका प्रस्तुत गरी विभिन्न स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवाका बारेमा विद्यार्थीहरुलाई समूह विभाजन गरी छलफल गर्न लगाई सूची तयार गर्न लगाउने<br>२.उनिहरु बाट आएका प्रतिक्रियालाई एकाकार गर्दै शिक्षकले स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवाहरुका वारेमा प्रष्ट पार्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,नागरीक वडापत्र | स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवाहरुको सूची बनाउनुहोस । | १५ |
| | | वातावरणीय सरसफाइको आवश्यकता र महत्व | १.सरसफाइका प्रकारहरुको तालिका बनाउन लगाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने जस्तैः-व्यक्तिगत ,घरायसि,वातावरणीय<br>२.विद्यार्थीहरुलाई समूहगतरुपमा राखि वातावरणीय सरसफाइको आवश्यकता र महत्व बताउन लगाउने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तालिका,चित्र | वातावरणीय सरसफाइका कुनै ५ वटा महत्वहरु बताउनुहोस । | |
| | | पोषण तथा<br>पोषणका स्रोत | विद्यार्थीहरुलाई समूहगतरुपमा राखि पोषण र पोषणका स्रोतहरुको सूची बनाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहभाजीकरण गर्ने जस्तैः-<br>पोषण तत्व: स्रोत<br>प्रोटिन: दुध,माछा माशु,अण्डा,.<br>कार्बोहाईड्रेड: भात,आलु.........<br>चिल्लो पदार्थ: तेल,घ्यू,नौनि...<br>खनिज पदार्थ: पालुङ्गो,.... | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर,पोषण पिरामिड | पोषणका स्रोतहरुको सूची बनाउनुहोस । | |
| | | पवनमुक्तासन | विद्यार्थीहरुलाई कक्षा कोठा वा चौरमा राखेर योगाभ्यास अन्तर्गत पवनमुक्तासन गर्ने तरिका बारे छलफल गरी अभ्यास गराउने र शिक्षकले अवलोकन तथा सहभाजीकरण गर्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | पवनमुक्तासन गर्ने तरिकाहरु लेख्नुहोस । | |
| | | परम्परागत उपचार पद्धति | विद्यार्थीहरुलाई समूह विभाजन गरी स्थानीय स्तरमा गरीने परम्परागत उपचार | चित्र,तालिका , श्रव्य दृश्य | परम्परागत उपचार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पद्धतिको परिचय र यसका फाइदा र बेफाइदाहरु बिच छलफल गरी उनिहरुबाट आएका प्रतिक्रिया लाई समेट्दै शिक्षकले परम्परागत उपचार पद्धतिको परिचय , फाइदा र बेफाइदाहरु प्रस्ट पारिदिने जस्तैः-जन्डिस उपचार पद्धति,बाथ रोग उपचार पद्धति,.. | सामग्री,तस्बिर | पद्धतिको महत्व बताउनुहोस । | |
| ९ | विपद व्यवस्थापन | विपदः परिचय , असर र व्यवस्थापन<br>क.भुकम्प<br>ख.चट्याङ र असिना पानी<br>ग.भूःक्षय<br>घ.बाढी पहिरो<br>ङ. आगलागी<br>च.महामारी | विद्यार्थीहरुलाई विपद सम्बन्धी श्रव्य दृश्य सामग्री तथा तस्बिर प्रर्दशन गरी विपद सँग परिचित गराई विपदका असर तथा व्यवस्थापन गर्ने उपायहरु लेख्न लगाउने र शिक्षकले सहभाजीकरण गर्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | चट्याङ र असिना पानीका कुनै ५ वटा असरहरु भन्नुहोस । | १५ |

## कक्षा ८ को सिकाइ उपलब्धिको विस्तृतीकरण

| क्र.स. | एकाई | विषय क्षेत्र | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | कार्यघ |
|---|---|---|---|---|---|---|
| १ | भौगोलिक बनावट तथा प्रशासनिक संरचना | नगरपालिकाको भौगोलिक अवस्थिति र विशेषता | नगरपालिकाको भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सा देखाई उनीहरुका विचारलाई समायोजन गरी नगरपालिकाको वारेमा(भौगोलिक अवस्था) प्रस्ट पार्ने र विद्यार्थीहरुलाई आफ्नो नगरपालिकाको भौगोलिक विशेषताहरु सूची बनाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने | नक्सा,तालिका, | साँफेवगर नगरपालिकाका कुनै ५ वटा भौगोलिक विशेषताहरु लेख्नुहोस । | १५ |
| | | जिल्ला सभा (गठन प्रक्रिया र सेवा प्रबाह) | -कक्षामा रहेका सम्पूर्ण विद्यार्थीहरुलाई नमुनाका रुपमा निर्वाचन गराई जिल्ला सभा गठन प्रकृया स्पष्ट पार्ने<br>-चार्ट र तालिका को प्रयोग गरी विद्यार्थीहरुलाई जिल्ला तहबाट प्रबाह गरीने सेवाहरु वारे छलफल गरी सूची तयार गर्न लगाउने | कागज,कैचि,गम,तालिका,चार्ट | जिल्ला समन्वय समितिबाट प्रवाह गरीने सेवाहरुको सूची वनाउनुहोस । | |
| | | नक्सा कार्यःअछाम जिल्ला | विद्यार्थीहरुलाई ट्रेस पेपर वा सेतो कागजमा सिसाकलमको सहयोगले नक्सा वनाउन लगाई<br>प्राकृतिक,धार्मिक,ऐतिहासिक तथा | नक्सा, ट्रेस पेपर | तपाईको जिल्लाको नक्सा तयार पारी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भौगोलिक स्थलहरु देखाउन लगाउने र शिक्षकले अवलोकन तथा सहभाजीकरण गर्ने | | बैद्यनाथ धाम , बुढिगंगा नदि,रामारोशन,कमल बजार देखाउनुहोस । | |
| | | सुदुर पश्चिम प्रदेश(परिचय,अवस्थिति, प्रदेश सरकार ,स्थानीय तह र जिल्ला) | १.नेपाल र सु.प प्रदेशको भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सा विद्यार्थीहरुलाई अवलोकन गर्न लगाउने<br>२. भौगोलिक सूचना प्रणाली(जि.आइ.एस. )नक्सामा भएका सुदुर पश्चिम प्रदेशको परिचय,अवस्थिति,प्रदेश सरकार ,स्थानीय तह र जिल्ला बारे जानकारी दिने र टिपोट गर्न लगाउने | नक्सा तालिका,चार्ट, शब्द पत्ति,तस्बिर... | सुदुर पश्चिम प्रदेशमा रहेका जिल्लाहरुको नाम लेख्नुहोस । | |
| २ | हाम्रा जातजाति तथा भाषाभाषि | समुदायको जीवनशैली (जीवन शैली र विशिष्ट सिप) | १.विद्यार्थीहरुलाई आफ्नो नगरपालिका भित्र बसोबास गर्ने जातजाति र भाषाभाषिहरुको विवरण तयार गर्न लगाई जातजाति र भाषाभाषिका आधारमा बर्गीकरण गर्न लगाउने जस्तैः- ब्राह्मण,क्षेत्री,दलित,जनजाति,अल्पसंख्यक उर्दु भाषा,अछामि भाषा,डोटेलि भाषा.....<br>२. जातिगत विशिष्ट सिपहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | तस्बिर,चित्र,नगर प्रोफाइल,ब्रोसर | तपाईको समुदायमा रहेका जातिगत सीपहरुको सूची बनाउनुहोस । | १३ |
| | | सामाजिक सहिष्णुता | श्रव्य दृश्यको माध्यम बाट विद्यार्थीहरु विच छलफल गराई उनिहरुका अनुभवलाई समेट्दै विभिन्न जातजाति तथा भाषाभाषिका व्यक्तिहरु संगै विभिन्न कार्यहरुमा संलग्न भएका चित्रहरु अवलोकन गर्न लगाई सामाजिक सहिष्णुता,माया प्रेम,स्नेह,आत्मियता,मेलमिलाप र भ्रातृत्वको अवधारणा विकास गराउने | श्रव्य दृश्य,चित्र,तालिका | स्थानीय स्तरमा रहेका ५ वटा मूल्यमान्यताहरु उल्लेख गर्नुहोस । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रो संस्कृति तथा मूल्यमान्यता | पुतला र ईद पर्व | १.श्रव्य दृश्यको माध्यम बाट विद्यार्थीहरुलाई पुतला र ईद पर्वको अनुभवहरु साटासाट गर्न लगाई एक आपसमा छलफल गर्न लगाउने<br>२. शिक्षकले पुतला र ईद पर्वमा गरीने महत्वपूर्ण क्रियाकलापका बारेमा प्रस्ट पारिदिने | तालिका,चित्र पत्ति, श्रव्य दृश्य | पुतला र ईद पर्वमा गरीने ५ क्रियाकलाप हरु लेख्नुहोस । | १५ |
| | | विवाह र मृत्यु सँस्कार | विद्यार्थीहरुलाई समुदायमा हुने विभिन्न संस्कारहरुको वारेमा छलफल गर्न लगाई विवाह र मृत्यु सँस्कार सँग परिचित गराई चित्र तस्बिर र तालिका प्रदर्शन गरी यसको महत्व स्पस्ट पार्ने | चित्र,तस्बिर, तालिका | विवाह र मृत्यु सँस्कार वारेमा लेख्नुहोस । | |
| ४ | सामाजिक समस्याहरु | जाँड रक्सि तथा लागु पदार्थ सेवन | १.विद्यार्थीहरुलाई समाजमा विद्यमान सामाजिक समस्याहरुवारे अवगत गराई चित्र , तस्बिर प्रर्दशन गर्ने र समूह विभाजन गर्ने र जाँड रक्सि तथा लागु पदार्थ सेवन ले समाजमा पारेका असरहरुको सूची तयार पारी बताउन लगाउने<br>२. विद्यार्थीहरु सँग छलफल गर्न लगाई जाँड रक्सि तथा लागु पदार्थ सेवन न्यूनिकरणका लागि विद्यार्थी,समुदाय,विद्यालय र वडा कार्यालयको भूमिका प्रस्ट पारिदिने | ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्री | जाँड रक्सि तथा लागु पदार्थ सेवन न्यूनिकरण का उपायहरु बताउनुहोस । | १४ |
| | | भेदभाव(छोरा छोरी,जाति..) | विद्यार्थीहरुलाई समूह विभाजन गरी समुदाय तथा आफ्नो घरमा विद्यमान भेदभाव वारे छलफल गर्न लगाई उनिहरुबाट आएका प्रतिक्रिया समाहित गर्दै त्यसका निराकरणका उपायहरु भन्न लगाउने र शिक्षकले सहभाजीकरण गर्ने | चित्र,तालिका, नमुना सामग्री ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्री | भेदभाव निराकरणका उपायहरु लेख्नुहोस । | |
| ४ | हाम्रा सम्पदा | पर्यटकिय तथा प्राकृतिक सम्पदाः<br>क.बुढिगँगा नदि<br>ख. धवलछडा<br>ग.नाइनि क्षेत्र<br>घ.रामारोशन<br>ङ सुग्दह<br>च.खप्तड | १.ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्रीहरुको प्रर्दशन गरी पर्यटकिय तथा प्राकृतिक सम्पदाहरु सँग परिचित गराउने<br>२. पर्यटकिय तथा प्राकृतिक सम्पदाहरुका मुख्य-मुख्य विशेषताहरु र महत्व वारे विद्यार्थीहरुलाई भन्न लगाउने<br>३. पर्यटकिय तथा प्राकृतिक सम्पदाहरुका मुख्य चिनारी समावेश गर्दै महत्व माथी प्रकाश पार्ने | तालिका,चित्र, श्रव्य दृश्य सामग्री, ब्रोसर | धवलछडा का विशेषताहरु लेख्नुहोस । | १७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्थानीय बालीनालि तथा परिकार | रैथाने बालीहरु<br>क.गहत<br>ख.तिल<br>ग.तिरखुलो<br>घ.खोयो.... | १. विद्यार्थीहरुलाई शिक्षकले ब्रोसर,चित्र,तस्बिर तथा श्रव्य दृश्य सामग्रीहरुको प्रर्दशन गरी रैथाने बालीनालिहरु सँग परिचित गराउने<br>२. रैथाने बालीनालिहरु तथा ति बालीनालिहरुको महत्व  भन्न लगाउने<br>३.तालिका र विद्यार्थीहरुका प्रतिक्रिया समेटेर रैथाने बालीहरुको महत्व स्पस्ट पार्ने | चित्र,तालिका | गहत बालीका महत्वहरु लेख्नुहोस । | १० |
| ६ | स्थानीय पेसा,व्यवसाय र प्रविधि | स्थानीय प्रविधिः<br>क.कुटानि , पिसानि र पेलानि<br>ख.ठिन्का झुलो<br>ग.ढाणि<br>घ.कट्कट्या<br>ङ मनानी(मदानी) | १.समूहगत रुपमा विद्यार्थीहरुलाई आफ्ना समुदायमा भएका स्थानीय सीप प्रविधिको बारे छलफल गर्न लगाउने<br>२.छलफलका क्रममा आएका प्रतिक्रिया लाई समायोजन गर्दै चित्र,तालिकाको माध्यमबाट प्रस्ट पार्ने । र स्थानीय प्रविधिको प्रबर्द्धनमा विद्यार्थीहरु र स्थानीय सरकारको  भूमिका बताउन | चित्र,तालिका , श्रव्य दृश्य सामग्री | बाँस बाट तयार गर्न सकिने कुनै ५ वटा वस्तुहरु भन्नुहोस स्थानीय प्रविधि प्रबर्द्धनमा स्थानीय सरकारको भूमिका उल्लेख गर्नुहोस । | १४ |
| ७ | स्वास्थ्य,सरसफाइ ,पोषण , खेलकुद तथा योगाभ्यास | स्वास्थ्य सँस्था र यसको महत्व | १.चित्र,तालिका प्रस्तुत गरी  विभिन्न स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवाका बारेमा विद्यार्थीहरुलाई समूह विभाजन गरी छलफल गर्न लगाई सूची तयार गर्न लगाउने<br>२.उनिहरु बाट आएका प्रतिक्रियालाई एकाकार गर्दै शिक्षकले स्वास्थ्य सँस्थाबाट प्रवाह हुने सेवाहरुका वारेमा जानकारी दिई यसको महत्वहरु बताउन लगाउने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री | स्वास्थ्य सँस्थाको महत्वहरु लेख्नुहोस । | १५ |
| | | वातावरणीय सरसफाइमा व्यक्ति,समुदाय र नगरपालिकाको भूमिका | १.सरसफाइका प्रकारहरुको तालिका बनाउन लगाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने जस्तैः-व्यक्तिगत ,घरायसि,वातावरणीय<br>२.विद्यार्थीहरुलाई समूहगत रुपमा राखि वातावरणीय सरसफाइमा व्यक्ति,समुदाय र नगरपालिकाको भूमिका छुट्टा छुट्टै प्रस्तुत गर्न लगाई शिक्षकले सहभाजीकरण गर्दै स्पस्ट पार्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर ,पोषण पिरामिड | वातावरणीय सरसफाइमा व्यक्ति,समुदाय र नगरपालिकाको भूमिका लेख्नुहोस । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पोषण<br>आवश्यकता र महत्व | विद्यार्थीहरुलाई समूहगतरुपमा राखि पोषणको आवश्यकता र महत्वको तालिका बनाई कक्षा कोठामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहभाजीकरण गर्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | पोषणको महत्व उल्लेख गर्नुहोस । | |
| | | सुर्य नमस्कार | विद्यार्थीहरुलाई कक्षा कोठा वा चौरमा राखेर योगाभ्यास अन्तर्गत सुर्य नमस्कार गर्ने तरिका बारे छलफल गरी अभ्यास गराउने र शिक्षकले अवलोकन तथा सहभाजीकरण गर्ने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | सुर्य नमस्कार गर्ने तरिकाहरु लेख्नुहोस । | |
| | | आयुर्बेद शिक्षा | विद्यार्थीहरुलाई समूह विभाजान गरी स्थानीय स्तरमा गरीने आयुर्बेद शिक्षा को परिचय र यसका महत्वहरुका बिच छलफल गरी उनिहरुबाट आएका प्रतिक्रिया लाई समेट्दै शिक्षकले आयुर्बेद शिक्षा को परिचय र महत्व प्रस्ट पारिदिने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | आयुर्बेद शिक्षा को महत्व बताउनुहोस । | |
| ८ | विपद व्यवस्थापन | विपद व्यवस्थापन<br>क.विपद पुर्व तयारि<br>ख.राहत र उद्दार<br>ग. पुनर्स्थापनामा व्यक्ति,समुदाय र स्थानीय तहको भूमिका | विद्यार्थीहरुलाई विपद सम्बन्धी श्रव्य दृश्य सामग्री तथा तस्बिर प्रर्दशन गरी समूह विभाजनका माध्यम बाट विपद सम्बन्धी छुट्टा छुट्टै रुपमा पुर्व तयारि,राहत उद्दार र पुनर्स्थापनाको परिचय र यसको व्यवस्थापनमा व्यक्ति,समुदाय र स्थानीय तहको भूमिका तयार गरी प्रस्तुत गर्न लगाउने | चित्र,तालिका , श्रव्य दृश्य सामग्री,तस्बिर | विपदको पुर्व तयारि गर्दा अपनाउनु पर्ने उपायहरु लेख्नुहोस । | १५ |

## छ.शिक्षण सहभाजीकरण विधि

यस पाठ्यक्रमले निर्धारण गरेका सक्षमता,सिकाइ उपलब्धि र विद्यार्थीहरुको व्यवहार परिवर्तनका लागि शिक्षक केन्द्रित विधिलाई निरुत्साहित गरी विद्यार्थी केन्द्रित विधि लाई प्रोत्साहन गर्नु पर्ने छ ।शिक्षण सिकाइ विधि जस्तैः- अवलोकन,छलफल,प्रश्नोत्तर,सोध खोज,परियोजना तथा क्षेत्र भ्रमण आदि विधिहरुलाई प्राथमिकता दिनु पर्ने छ । विद्यार्थीले सक्षमता प्राप्त गर्ने गरी कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । गरेर सिक(Learning by doing) भन्ने सिद्धान्तमा क्रियाकलापहरु तय गर्नु पर्ने छ । समग्रमा देहाय बमोजिमका शिक्षण बिधिहरु कार्यान्वयनमा ल्याउनु पर्ने छ ।

| क्र.स | विधि | तरिका |
|---|---|---|
| १ | स्रोत कक्षा विधि | विभिन्न विषयवस्तुमा जानकारी तथा अनुभव र विज्ञता भएका स्थानीय व्यक्तिलाई कक्षा कोठामा बोलाई विषय वस्तुलाई विद्यार्थी समक्ष पुर्याउने |
| २ | अभिनय / भूमिका निर्वाह विधि | विषय वस्तु सङ्ग सम्बन्धी पात्र र चरित्रका बारे अभिनयका माध्यमबाट शिक्षण गर्ने |
| ३ | समूह कार्य | विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी विषय वस्तु प्रस्तुति ,छलफल र निष्कर्ष निकाल्न |

| | | |
|---|---|---|
| | | लगाउने |
| ४ | APPLE Technique | खुला रुपमा विषयवस्तुमा प्रश्न गर्ने,केहि छिन रोक्ने,त्यसपछि व्यक्तिगत विद्यार्थीलाई सोध्ने,विद्यार्थीका जवाफलाई सुन्ने र अन्त्यमा विद्यार्थीका जवाफलाई मूल्याङ्कन गरी विषय वस्तुको निस्कर्षमा पुग्ने |
| ५ | प्रविधि युक्त कक्षा | कक्षा कोठामा श्रव्य दृश्य सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुमा धारणाको विकास गराउने |
| ६ | सिर्जनात्मक कार्य | चित्र कोर्ने,रङ्ग भर्ने,कागज काट्ने पट्याउने,गीत गाउने,कक्षा कविता वाचन गर्ने,समूहमा अभिनय गर्ने जस्ता क्रियाकलाप गरी सिर्जनात्मक क्रियाकलाप गराउने |
| ७ | प्रदर्शन विधि | विभिन्न विषय वस्तुमाथी चित्र,तस्बिर,नक्सा,श्रव्य दृश्य सामग्री प्रदर्शन गरी गराई धारणा वसाल्ने |
| ८ | समस्या समाधान विधि | समस्यालाई बुझ्ने,योजना बनाउने,कार्यान्वयन गर्ने,प्रतिविम्ब गर्ने जस्ता कार्य गरी विषय वस्तुको धारणा बसाउने |
| ९ | क्षेत्र भ्रमण विधि | नजिकैका महत्त्वपूर्ण स्थानमा भ्रमण गराई अनुभव संकलन गर्न लगाउने,कक्षा कोठामा छलफल तथा प्रतिवेदन पेश गरी क्रियाकलाप गर्ने |

## ज . शिक्षण सिकाइको माध्यम भाषा

स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइको माध्यम भाषा निम्नानुसार हुने छः

- ✓ आधारभूत तह (कक्षा १-८) मा माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुने छ ।
- ✓ संस्थागत विद्यालयहरुमा पनि पठनपाठनको माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुने छ ।

## झ. मूल्याङ्कन प्रक्रिया

**आधारभूत तह (कक्षा१-३)को विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

आधारभूत तह (कक्षा१-३)मा निर्माणात्मक मूल्याङ्कन लाई प्रयोगमा ल्याईने छ । कक्षा कोठामा आधारित मूल्याङ्कन प्रकृयालाई प्रोत्साहन गर्नु पर्ने छ । विद्यार्थीहरुको सिकाइको मूल्याङ्कनमा कार्यसञ्चयीका(portfolio) तयार गर्नु पर्ने छ । कार्यसञ्चयीका फाइललाई विद्यार्थीहरुको कक्षा कार्य,परियोजना कार्य,उपलब्धि परीक्षा,व्यवहार परिवर्तनको अवलोकन,हाजिरी आदि का माध्यमले व्यवस्थित गरीने छ । विद्यालयमा पठनपाठन भएका विषय वस्तु र विद्यार्थीहरुको उपलब्धिका वारेमा प्रत्येक महिना वा निश्चित विषय वस्तु वा विषय क्षेत्रको अध्ययन पुरा गरे पछि अभिभावकहरुलाई जानकारी गराउनु पर्ने छ । गृहकार्यलाई अनिवार्य नगरी आवश्यकता अनुसार दिन सकिने छ ।मूल्याङ्कन गर्दा देहायका साधनहरुको प्रयोग गर्नु पर्ने छ ।

- ✓ कक्षा सहभागीता
- ✓ लिखित तथा मौखिक कार्य
- ✓ परियोजना तथा प्रयोगात्मक कार्य
- ✓ अवलोकन
- ✓ विद्यार्थीहरुका कार्यको प्रदर्शन
- ✓ घटनावृत अभिलेख
- ✓ छोटा परिक्षा
- ✓ स्वः र सहपाठि मूल्याङ्कन
- ✓ अभिभावकको प्रतिक्रिया

विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरु

| क्र.स | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधनहरु | कैफियत |
|---|---|---|---|
| १ | अवलोकन | रुजु सूची,रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न फाराम घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न,चित्र,घटना, सन्दर्भ,पठन सामग्री,श्रव्य तथा दृश्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न,घटना सन्दर्भ,पठन सामग्री,श्रव्य तथा दृश्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची,रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रर्दशन | रुजु सूची,रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठि मूल्याङ्कन | रुजु सूची, श्रेणी मापन र फाराम | |
| ७ | स्वःमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन र फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन र फाराम | |
| ९ | कुराकानी तथा छलफल | रुजु सूची, श्रेणी मापन र फाराम | |

विद्यार्थीको उपलब्धीस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धीस्तर | मापन | उपलब्धीस्तर सामान्य व्याख्या |
|---|---|---|
| कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेका,सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंसिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च | ४ | माथील्लो स्तरको उपलब्धि हासिल गरेको |

**थिमगत सिकाइ उपलब्धि मापन गर्ने तरिकाहरु**

$$\text{क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४}\times\text{मूल्याङ्कन गरीएका सिकाइ उपलब्धिहरुको संख्या}}\times\text{१००}$$

क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत निकाल्दा (उदाहरणका लागि)

- ✓ मानौ कुनै थिममा ३ वटा सिकाइ उपलब्धि छन। राम भन्ने विद्यार्थीले (सिकाइ उपलब्धि १ मा २ अङ्क, सिकाइ उपलब्धि २मा ३ अङ्क र सिकाइ उपलब्धि ३ मा २ अङ्क)प्राप्त गरेको रहेछ भने उसको क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत देहाय अनुसार हुन्छ।

उपलब्धि स्तरको अङ्कको जोड =२+३+२=७
सिकाइ उपलब्धिहरुको संख्या = ३(मानौ)
यहाँ ४ भनेको विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर(सबैमा ४ नै हुन्छ )

$$\text{रामको क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत} = \frac{७}{४\times३}\times१००$$
$$= \frac{७}{१२}\times१००$$
$$=५८.३३$$
$$=५८\%\text{(नजिकको अङ्कमा शुन्यान्त गर्ने)}$$

तसर्थ उसको अक्षराङ्कन स्तर C हुन्छ र व्याख्या राम्रो

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन मिलान गरी निम्नानुसार प्रस्तुत गर्नु पर्ने छः

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| ०-२० | E | ज्यादै कमजोर |
| २०-४० | D | कमजोर |
| ४०-६० | C | सामान्य |
| ६०-७५ | B | राम्रो |
| ७५-९० | A | उच्च |
| ९०-१०० | A+ | उत्कृष्ट |

**नमुना रुब्रिक्स**

कक्षाः१ विषय क्षेत्रःस्थानीय विषय विद्यार्थीको नामः

| **थिम/विषय क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **सूचक** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| म र मेरो परिवार | १.स्थानीय भाषामा आफ्नो परिचय दिन | ४. स्पष्ट रुपमा स्थानीय भाषामा आफ्नो परिचय दिन सकेमा<br>३. स्थानीय भाषामा आफ्नो परिचय दिन सकेमा<br>२.साथीहरुको सहयोगमा स्थानीय भाषामा आफ्नो परिचय दिन सकेमा<br>१.शिक्षकको सहयोगमा स्थानीय भाषामा आफ्नो परिचय दिन सकेमा | | | | | |
| | २.स्थानीय भाषामा आफ्नो परिवारको नाता भन्न | | | | | | |
| | ३.नाता पहिचान गरी सो अनुसार अभिवादन गर्न | | | | | | |
| अभिभावकको दस्तखतः | | शिक्षकको दस्तखत र मितिः | उपलब्धि प्रतिशत | | | | |

यो रुब्रिक्स नमुनाको रुपमा मात्र प्रस्तुत गरीएको हो । विद्यालयमा स्थानीय पाठ्यक्रमका सवै थिम/विषय क्षेत्र र सिकाइ उपलब्धीको यस्तै रुब्रिक्स बनाई विद्यार्थीहरुको कार्यसञ्चिका तयार पार्नु पर्ने छ ।

## आधारभूत तह (कक्षा ४-८)को विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थीको मूल्याङ्कनका □लागि निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्नुपर्ने छ । □ निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य,परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वः तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिने छ । □ न्यूनतम सिकाइ स्तर हासिल नगरेका विद्यार्थीका लागि सुधारात्मक तथा उपचारात्मक सिकाइको अवसर प्रदान गर्नुपर्ने छ । □ निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त निश्चित अङ्कलाई आन्तरिक मूल्याङ्कनका रूपमा ५० प्रतिशत भार र बाँकी ५० प्रतिशत भारको अन्तिम परीक्षा सञ्चालन गर्नुपर्ने छ ।

## आन्तरिक मूल्याङ्कनः

आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य,कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

**निर्णयात्मक मूल्याङ्कनः**

आधारभूत तह(कक्षा ४-८ )को निर्णयात्मक मूल्याङ्कन निम्नानुसार रहेको छ ।

- ✓ आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।
- ✓ निर्णयात्मक मूल्याङ्कनका अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन् ।
- ✓ परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।
- ✓ निर्माणात्मक मूल्याङ्कनका लागि विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गर्नुपर्ने

आन्तरिक मूल्याङ्कनलाई वस्तुगत र व्यावहारिक गराउने उद्देश्यले यसका लागि निम्न लिखित मूल्याङ्कनका पक्षहरू र भार तोकिएको छ ।

| सि.न. | मूल्याङ्कनका पक्ष | भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागीताः कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागीता | ४ | |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० | |
| ३ | प्रयोगात्मक/परियोजना कार्य | १६ | |
| ४ | त्रैमासिक परीक्षाहरू (पहिलो ५ र दोस्रो ५) | १० | |

- ✓ विद्यार्थी सहभागीता, प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्य सम्पादन स्तर रेटिङको लागि रुब्रिक्सको प्रयोग गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिको स्तर मापनका लागि शिक्षक आफैंले रुब्रिक्स तयार गरी अङ्क प्रदान गर्नुपर्ने छ ।
- ✓ विद्यार्थीको निर्णयात्मक मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कनबाट प्राप्त निश्चित अङ्कलाई आन्तरिक मूल्याङ्कनका रूपमा ५० प्रतिशत भार निर्धारित गरी बाँकी ५० प्रतिशत भारको अन्तिम परीक्षा सञ्चालन गरीने छ।

विद्यार्थीको उपलब्धीस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धीस्तर | मापन | उपलब्धीस्तर सामान्य व्याख्या |
|---|---|---|
| कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेका,सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंसिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च | ४ | माथील्लो स्तरको उपलब्धि हासिल गरेको |
| उत्कृष्ट | ५ | सहयोगात्मक सिकाइकालागि साथीहरूलाई सिकाउन |

**विषय क्षेत्रगत सिकाइ उपलब्धि मापन गर्ने तरिकाहरु**

$$\text{विषय क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङकको जोड}}{\text{५×मूल्याङकन गरीएका सिकाइ उपलब्धिहरुको संख्या}} \times १००$$

क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत निकाल्दा (उदाहरणका लागि)

- ✓ मानौ कुनै थिममा ३ वटा सिकाइ उपलब्धि छन । राम भन्ने विद्यार्थीले (सिकाइ उपलब्धि १ मा २ अङ्क, सिकाइ उपलब्धि २मा ३ अङ्क र सिकाइ उपलब्धि ३ मा २ अङ्क)प्राप्त गरेको रहेछ भने उसको क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत देहाय अनुसार हुन्छ ।

उपलब्धि स्तरको अङकको जोड =३+४+३=१०

सिकाइ उपलब्धिहरुको संख्या = ३(मानौ)

यहाँ ५ भनेको विद्यार्थीहरुको सिकाइ उपलब्धि स्तर(सबैमा ५ नै हुन्छ )

$$\text{रामको क्षेत्रगत तथा थिमगत उपलब्धि प्रतिशत} = \frac{१०}{५\times३} \times १००$$

$$= \frac{१०}{१५} \times १००$$

=६६.६६%

=६७%(नजिकको अङ्कमा शुन्यान्त गर्ने)

तसर्थ उसको अक्षराङ्कन स्तर B हुन्छ र व्याख्या राम्रो

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन मिलान गरी निम्नानुसार प्रस्तुत गर्नु पर्ने छः

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| ०-२० | E | ज्यादै कमजोर |
| २०-४० | D | कमजोर |
| ४०-६० | C | सामान्य |
| ६०-७५ | B | राम्रो |
| ७५-९० | A | उच्त |
| ९०-१०० | $A^{+}$ | उतकृट |

## मूल्याङ्कन तालिका

| क स | कक्षा | मूल्याङ्कन तालिका | पूर्णाङ्क | पाठ्यघण्टा | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | १-३ | निर्माणात्मक | - | २६ | १२८ |
| २ | ४-५ | निर्माणात्मक र निर्णयात्मक | निर्माणात्मक ५०<br>निर्णयात्मक ५० | ३२ | १६० |
| ३ | ६-८ | निर्माणात्मक र निर्णयात्मक | निर्माणात्मक ५०<br>निर्णयात्मक ५० | ३२ | १६० |

# ञ. विशिष्टिकरण तालिका

सैद्धान्तिक मूल्याङ्कनको विशिष्टीकरण तालिका (कक्षा ४-५)

| **एकाई** | **प्रश्न संख्या** | **अंक** | **ज्ञान** | **सीप** | **उच्च क्षमता** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | १ | ५ | १ | | | |
| २ | २ | १० | १ | १ | | |
| ३ | १ | ५ | १ | | | |
| ४ | १ | ५ | | १ | | |
| ५ | १ | ५ | | | १ | |
| ६ | १ | ५ | | १ | | |
| ७ | २ | १० | १ | १ | | |
| ८ | १ | ५ | | | १ | |
| जम्मा | १० | ५० | ४ | ४ | २ | |

सैद्धान्तिक मूल्याङ्कनको विशिष्टीकरण तालिका (कक्षा ६-८)

| **एकाई** | **प्रश्न संख्या** | **अंक** | **ज्ञान** | **सीप** | **उच्च क्षमता** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | २ | १० | १ | १ | | |
| २ | १ | ५ | | | १ | |
| ३ | १ | ५ | १ | | | |
| ४ | १ | ५ | | १ | | |
| ५ | १ | ५ | १ | | | |
| ६ | १ | ५ | १ | | | |
| ७ | १ | ५ | | १ | | |
| ८ | १ | ५ | | १ | | |
| ९ | १ | ५ | | | १ | |
| जम्मा | १० | ५० | ४ | ४ | २ | |

## ट.कार्यान्वयन तालिका

यो स्थानीय पाठ्यक्रम साँफेबगर नगरपालिका अन्तर्गतका विद्यालयहरुमा देहाय बमोजिम परीक्षण तथा कार्यान्वयन गरीने छ ।

| क्र.सं. | कक्षा | परीक्षण वर्ष | कार्यान्वयन हुने वर्ष |
|---|---|---|---|
| १ | १-३ | २०७६ | २०७८ |
| २ | ४ | २०७८ | २०७९ |
| ३ | ५ | २०७८ | २०७९ |
| ४ | ६ | २०७७ | २०७८ |
| ५ | ७ | २०७८ | २०७९ |
| ६ | ८ | २०७९ | २०८० |

## ठ.समय निर्धारण

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार आधारभूत शिक्षा (कक्षा १-३) को स्थानीय विषयको पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० निर्धारण गरीएको छ । त्यस्तै आधारभूत शिक्षा (कक्षा ४-८) को स्थानीय विषयको पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ निर्धारण गरीएको छ ।

## ड.पाठ्यक्रम परिमार्जन

पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन पश्चात प्राप्त सुझावका आधारमा सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकता अनुरुप विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन समायानुकुल यो स्थानीय पाठ्यक्रम परिमार्जन हुँदै जानेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषीक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन पश्चात प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ । पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरीने छ ।

# ढ.अनुसूचिहरु

## अनुसूची१
## विद्यार्थीको व्यक्तिगत विवरण
Portfolio model (Class1-3)

**१.विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

- विद्यालयको नामः ........................................................................................................
- ठेगानाः ........................................................................................................................
- विद्यार्थीको नामः..........................................................................................................
- जन्म मितिः...................................................................................................................
- विद्यार्थीको घरको ठेगानाः.............................................................................................
- पारिवारिक विवरणः

  क.आमाको नामः................................ पेसाः......................सम्पर्क नं.................

  ख.बाबुको नामः............................... पेसाः......................सम्पर्क नं.................
- बाबु आमा बाहेक अरु कसैले अभिभावकत्त्व लिएको भएमा स्थानीय अभिभावकको:

  क. नामः............................... पेसाः......................सम्पर्क नं.................

  ख.विद्यार्थी संगको नाता...............................
- विद्यालय भर्ना मिति र कक्षाः...................................................
- मातृभाषा,घरपरिवारमा बोलिने भाषा र अन्य भाषीक क्षमताः..........................................
- अघिल्लो अनुभवः

  क.कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको ......................................................................................................

  ख. अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव..................................

२.स्वास्थ्य सम्बन्धी विवरण

क. तौल र उचाइ

| मिति | तौल(के.जी.मा) | उचाइ(से.मी.मा) | प्रतिक्रिया(यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ख.कुनै विशेष रोग भएमा सोबारे टिपोटः..................................................................

ग.कुनै अपाङ्गता भए सोको विवरणः.........................................................................

घ.अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भएः..........................................................